अध्याय एक

# पत्रकारिता शिक्षा र स्नातकोत्तर तहमा मिडिया शोधपत्र लेखन: केही प्रारम्भिक टिप्पणी

## पृष्ठभूमि

नेपालमा प्राज्ञिक पुस्ता जन्माउने काम लामो समयसम्म त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले गर्‍यो । यसको स्थापना भएको निकै लामो समयपछि मात्र अन्य विश्वविद्यालयहरू सुरु भए । त्रिविपछि महेन्द्र (हाल नेपाल) संस्कृत विश्वविद्यालय र त्यसपछि काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय स्थापना भएका हुन् । पछिल्ला विश्वविद्यालयहरूले नयाँ नयाँ विषयमा अध्ययन प्रारम्भ गरे । तर तिनले पत्रकारिता अध्ययनलाई आफ्नो पाठ्यक्रममा समेटेको त्यति धेरै भएको छैन ।

त्रिभुवन विश्वविद्यालय २०१६ सालमा स्थापना भएको हो । तर त्यहाँ पत्रकारिता विषयको औपचारिक अध्ययन/अध्यापन भने स्थापना भएको १७ वर्षपछि मात्र सुरु भयो । २०३३ साउन १ मा त्रिविले आफ्नो आङ्गिक क्याम्पस रत्नराज्यलक्ष्मी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा यसको पठनपाठन सुरु गरेको थियो । त्यसको तीन वर्षपछि (२०३६ सालमा) स्नातक तहसम्म यसको विस्तार भयो । दुई वर्षे स्नातक तहअन्तर्गत सुरुमा पाटन संयुक्त क्याम्पसमा पत्रकारिताको अध्यापन थालिएको थियो । तर एक समूहले अध्ययन पूरा गरेपछि

त्यहाँ यसले निरन्तरता पाउन सकेन । त्यसपछि यो कार्यक्रम २०३८ सालमा रत्नराज्यलक्ष्मी क्याम्पसमै सऱ्यो (राई २०६३) । अहिले (२०६४ साउन) रत्नराज्यलक्ष्मी क्याम्पसबाहेक अन्य केही सम्बन्धन प्राप्त क्याम्पसहरूमा पनि पत्रकारिताको प्रवीणता प्रमाणपत्र तह र तीन वर्षे स्नातक तहको पठनपाठन सञ्चालन भइरहेको छ। काठमाडौँबाहिर त्रिविका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमार्फत पनि लामो समयसम्म पत्रकारिताको पढाइ सुरु हुन सकेन । बल्ल २०६१ मा हेटौँडामा निजी क्षेत्रको हेटौँडा स्कूल अफ म्यानेजमेन्टले स्नातक तहमा यसको थालनी गऱ्यो । यसभन्दा अघि २०५८/५९ मै सोही कलेजले कक्षा ११ मा यसको पठनपाठन सञ्चालन गरिसकेको थियो (हुमागाईं २०५८) । यस्तै, हेटौँडाकै आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा २०६० देखि माध्यमिक तहमा पनि पत्रकारिताले स्थान पाएको छ ।

त्रिविले ४२ वर्षको इतिहास पार गरेपछि (२०५८ सालमा) मात्र मानविकी सङ्कायअन्तर्गत पत्रकारिताको स्नातकोत्तर तहको पठनपाठन कार्यक्रम सुरु गऱ्यो । रमाइलो कुरा के भने त्यतिन्जेलसम्म पनि यो तह सञ्चालन गर्नेबारे जनशक्ति, समय, स्थान र पूर्वाधारसम्बन्धी सुनियोजित योजना भने बनिसकेको थिएन । यसबारे देशभरको अभिमत सङ्कलन गरी प्रतिवेदन पेश भएको आधार मात्र त्रिविमा पत्रकारिता तथा आमसञ्चार विभागको स्थापना र पत्रकारितामा स्नातकोत्तर तहको पढाइ सम्भव भएको हो (राई २०६३) ।

त्रिविसँगै उही समयमा पूर्वाञ्चल विश्वविद्यालयले स्नातकोत्तर तहमा पनि यो विषय समावेश गऱ्यो । यस विश्वविद्यालयअन्तर्गत कान्तिपुर सिटी कलेज (केसीसी) र कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसन (सिजेएमसी) मा पत्रकारिता छुट्टै विषयका रूपमा अध्ययन अध्यापनको दायरामा आयो । स्नातक तहमा भने सोही विश्वविद्यालयअन्तर्गतका सिजेएमसी, सगरमाथा मल्टिपल कलेज र सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीमा यसको पढाइ भइरहेको छ । सबैभन्दा पछिल्लो समयमा २०६२ माघदेखि काठमाडौँ विश्वविद्यालयमा पनि भाषा तथा आमसञ्चार विभागअन्तर्गत यस विषयको पढाइ भइरहेको छ ।

पत्रकारिताको अध्ययन/अध्यापन अब उच्च तहमा मात्र सीमित छैन । २०५८ सालदेखि नै काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भेगका माध्यमिक विद्यालयमा ९ र १० कक्षामा ऐच्छिक विषयका रूपमा यसको पढाइ सुरु भइसकेको छ । उच्च माध्यमिक शिक्षा परिषद्ले पनि नेपालका विभिन्न भेगमा रहेका उच्च माध्यमिक विद्यालयहरूलाई पत्रकारिताको अध्ययन/अध्यापन थाल्न सम्बन्धन प्रदान गरिसकेको छ । प्राज्ञिक प्रयोजनका लागि पत्रकारिताको पठनपाठनले

जति विस्तार पाएको छ, त्यही स्तरमा औपचारिक/अनौपचारिक तालिम पनि सञ्चालन भइरहेका छन् ।

यो अध्यायमा पत्रकारिताको औपचारिक पठनपाठन र शैक्षिक प्रयोजनका लागि हुने अनुसन्धानबारे चर्चा गरिएको छ । अध्याय दुई भागमा विभाजित छ । पहिलो भागमा नेपालमा पत्रकारिता शिक्षाको अध्ययन/अध्यापनको लहर, विश्वविद्यालयका पाठ्यक्रमको सङ्क्षिप्त झलक र पाठ्यक्रममाथि केही टिप्पणी प्रस्तुत गरिएको छ । अध्ययन/अध्यापनको पृष्ठभूमि र लहरमाथिको टिप्पणी आम रूपमा गरिए पनि पाठ्यक्रमको तहमा भने स्नातकोत्तर तहलाई मात्र समेटिएको छ । यी शीर्षकभित्र पत्रकारिता विषयले विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा प्रवेश पाएको सन्दर्भ तथा स्नातकोत्तर तहमा के कति विद्यार्थी पत्रकारिताको अध्ययनका लागि क्याम्पस वा विश्वविद्यालय प्रवेश गर्छन् भन्ने जानकारी पनि दिइएको छ ।

दोस्रो भागमा स्नातकोत्तर तहमा गरिने अनुसन्धानलाई समेटिएको छ । अध्यायको धेरैजसो हिस्सा दोस्रो भागले लिएको छ ।[1] नेपाली मिडियासम्बन्धी के कति शोधपत्रहरू तयार गरिएछन् भन्ने जानकारी यहाँ दिइएको छ र त्यसकै आधारमा केही टिप्पणी गरिएको छ । यसअन्तर्गत पहिलो खण्डमा शोधपत्रबारे चर्चा गर्ने क्रममा नेपाली विश्वविद्यालयहरूमा नेपाली मिडियालाई केन्द्र मानेर कहिलेदेखि शोधपत्र लेखिन सुरु भयो, सङ्ख्याअनुसार त्यसबारे जानकारी समेटिएको छ । साथै, पत्रकारिता तथा आमसञ्चारको पठनपाठनका क्रममा मिडियाबारेकै शोध लेखन अनिवार्य भएकाले पछिल्ला वर्षहरूमा यस विषयतर्फ धेरै शोधपत्र तयार भएको तर्क गरिएको छ । दोस्रो खण्डमा उत्पादन भइरहेका शोधपत्रहरूको प्राज्ञिक अवस्थालाई विभिन्न उपशीर्षक (परिचय, साहित्य समीक्षा, औचित्य, अध्ययन विधि, तथ्याङ्क विश्लेषण र सन्दर्भ सामग्री) मा बाँडेर चर्चा गरिएको छ । यो खण्डमा नेपाली विश्वविद्यालयका शोधपत्र प्राज्ञिक कसीमा खरो उत्रन नसकेको तथ्य केही उदाहरणसहित औंल्याइएको छ । तेस्रो खण्डले शोधपत्र लेखनका केही प्रवृत्तिमाथि टिप्पणी गर्दै सुधार गर्न के कस्ता प्रयास हुनुपर्छ

१ यो अध्यायको मूल आशय नेपालका विश्वविद्यालयमा हुने शोधपत्र लेखनको शैली र परम्परामाथि बहस थालनी होस् भन्ने हो । प्राज्ञिक जनशक्तिको उत्पादनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वविद्यालयमा यस्तो बहस हुनु जरुरी छ । यहाँ उल्लेख गरिएका सन्दर्भलाई बिना कुनै पूर्वाग्रह विश्लेषण गर्न खोजिएको छ । लेखकको विश्लेषणसँग पाठकको सहमति/असहमति दुवै हुन सक्छ । शोधपत्र लेखनको विशाल परिधिभित्र नेपाली मिडियामाथि मात्रै गरिएका शोधलाई एक अंशका रूपमा लिइएको छ । यहाँ उठाइएकै विषयमाथि पनि धेरै तरिकाले धेरै किसिमका अध्ययन हुन सक्छन् । यो अध्यायमा उल्लेख भएका शोधपत्रका सन्दर्भ सामग्री चाहिँ अनुसूची १ मा समावेश छन् ।

भन्नेबारे जानकारी दिन्छ। यसमा शोधको गुणस्तर कमसल हुनुमा विद्यार्थी आफैं मात्र जिम्मेवार नरहेको बरु विश्वविद्यालयको अध्ययन/अध्यापनको संरचना पनि यसको कारण रहेको तर्क अघि सारिएको छ।

यो अध्याय २०६३ असोजसम्म प्राप्त भएका कुल ८० ओटा शोधपत्रको अध्ययनमा आधारित छ। त्रिवि र पूर्वाञ्चल विश्वविद्यालयबाट २०६३ अन्तसम्म नेपाली मिडियामाथि सम्पन्न भएका शोधपत्रहरूको सङ्ख्या २६२ पुगिसकेको छ। नेपाली मिडियासम्बन्धमा भएका समग्र शोधपत्र फेला पार्न कठिन छ। यिनै सीमाबीच रहेर यहाँ विश्लेषण गरिएको छ।[२] शोधपत्र लेखनका विविध पक्षमाथि चर्चा गर्नुभन्दा पहिले नेपालमा पत्रकारिता अध्ययन र अध्यापनको अवस्थातिर लागौँ।

## पत्रकारिता अध्ययन/अध्यापन

पत्रकारिता 'गरेर' जानिन्छ कि 'पढेर' भन्ने बहस आजपर्यन्त चलिरहेको छ। व्यवहारमा 'गरेर' जान्ने र 'पढेर' जान्ने दुवैथरी अभ्यास सँगसँगै चलेको देखिन्छ। नेपाली सन्दर्भमाथि त्रिवि, पत्रकारिता तथा आमसञ्चार विभागमा प्रारम्भदेखि नै संलग्न लालदेउसा राईको टिप्पणी छ, "आम सञ्चार भनेको रेडियो, पत्रपत्रिका आदिको अभ्यास हो र पत्रकारिता 'गरिन्छ', 'पढिँदैन' भन्ने सोचले नेपालका पत्रकार ग्रस्त भइरहे" (राई २०५८: २२६)।[३] तर नेपालमा पत्रकारिता

---

[२] यहाँ उल्लेख भएको सङ्ख्या नै अन्तिम होइन, थुप्रै शोधपत्रहरू छुटेका हुनसक्छन्। त्रिभुवन विश्वविद्यालयअन्तर्गत यो सङ्ख्या त्रिवि केन्द्रीय पुस्तकालयको कम्प्युटर डेटावेस र शोध दर्ता हुने रजिस्टर हेरेर निकालिएको हो। सामान्यतया त्रिवि मातहतका क्याम्पसमार्फत सम्पन्न भएका शोधपत्रहरू यसको केन्द्रीय पुस्तकालयमा बुझाउने चलन छ। तर देशभर छरिएर स्नातकोत्तर तह सञ्चालन गर्ने सबै क्याम्पसका शोधपत्रहरू त्रिविसम्म आइपुग्दैनन्। त्रिवि नेपाली विभागको अनुसन्धानमूलक पत्रिका *वाङ्मय*मा नेपाली विषयमा स्नातकोत्तर तह पठनपाठन हुने काठमाडौँ बाहिरका क्याम्पसमा २०६० सम्म भएका शोधपत्रको विवरण दिइएकाले यो विभागमार्फत भएका शोधपत्रको सङ्ख्या पहिल्याउन भने सजिलो छ (सुवेदी २०५७/५८ र सुवेदी २०५९/६०)। तर अन्य विभागले यस्तो जानकारी दिने खालका कुनै प्रकाशन गरेको देखिँदैन। उपत्यकाभित्र र बाहिरकै क्याम्पसहरूमा पनि मिडियासम्बन्धी उल्लेख्य शोधपत्र सम्पन्न भएका हुनसक्छन्। पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका शोधपत्रको सङ्ख्या भने कान्तिपुर सिटी कलेज र कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसनमा सम्पन्न भएका कार्यका आधारमा निकालिएको हो। काठमाडौँ विश्वविद्यालय र महेन्द्र (हाल नेपाल) संस्कृत विश्वविद्यालयबाट सम्पन्न भएका शोधपत्रहरू सूचीमा परेका छैनन्। यी विश्वविद्यालयबाट पनि नेपाली मिडियासम्बन्धी शोधपत्रहरू लेखिएका हुन सक्छन्।

[३] लालदेउसा राईको यो धारणामा पनि निकै बहस हुनसक्छ। तर केही भिन्न विचारलाई समेट्नुपर्दा पत्रकार मोहन मैनालीद्वारा व्यक्त धारणा पनि अस्वाभाविक लाग्दैन। मार्टिन चौतारीमा २०६४ वैशाख

अध्ययन/अध्यापन हुन थालेको अवधि पनि त्यति लामो छैन । यसको पृष्ठभूमि तल उल्लेख गरिएको छ ।

## *अध्ययनको लहर*

प्रमाणपत्र र स्नातक तहको अध्ययन/अध्यापनमा त्रिविले लामो समय बिताइसकेको भए तापनि स्नातकोत्तर तहमा भने पत्रकारिताको पढाइ निकै ढिलो मात्र सुरु भएको माथि नै उल्लेख भइसकेको छ । यसमा किन यति ठूलो समयको अन्तराल हुन पुग्यो भन्नेबारे आ-आफ्नै तर्क हुनसक्छन् । लालदेउसा राईका विचारमा यसको कारण त्रिविको अकर्मण्यता र पत्रकारितासम्बद्ध पक्षको अरुचि हो । उनी नेपाली समाज, राज्य, सरकार, शिक्षण संस्था तथा शिक्षा क्षेत्रका नीति निर्माताहरूले त्रिविको पाठ्य विषयका कार्यक्रमको योजनालाई विश्वका पब्लिक विश्वविद्यालयका योजनाहरूसँग संयोजन गरी त्रिविलाई विश्व श्रेणीमा उठाउन पर्याप्त प्रयास गरेनन् भनेर टिप्पणी गर्छन् । राईको थप टिप्पणी छ, "राष्ट्रिय नीति निर्माताहरू खास गरी शिक्षा क्षेत्रका सरोकारवालाहरूले प्रजातन्त्र र आम सञ्चारबीचको सम्बन्धलाई हृदयङ्गम गरी आम सञ्चारको शिक्षाको महत्त्वलाई विकासोन्मुख मुलुकको सन्दर्भमा बुझिदिने गम्भीरता देखाएनन्" (राई २०६३: २२६) ।

तर, यसको सूक्ष्म विश्लेषण र कारणको खोजी गर्ने खालका न त अध्ययन भएका छन् न टीका टिप्पणी गर्ने वैचारिक लेखहरू नै प्रकाशन भएका छन् ।

---

२७ मा 'पत्रकारिता तालिमको उपयोगिता' विषयक छलफलमा मैनालीले पत्रकारिता अभ्यास गर्ने कुरा हो यसलाई जान्न औपचारिक अध्ययनभन्दा तालिम बढी आवश्यक भएको बताएका थिए । सो छलफलमा मैनालीको थप कथन थियो, "पहिला आफूले पत्रकारिता नपढेर गल्ती गरियो कि जस्तो लागेको थियो । तर जब अभ्यास गर्दै गइयो, वास्तवमा पत्रकारिताभन्दा अरू विषय पढ्दा त्यसले नै पत्रकारितालाई सघाउने रहेछ भन्ने लाग्यो । यसका सिद्धान्त र इतिहास पढ्नुभन्दा अन्य विषयमा पढेका कुराहरू पत्रकारितामा उपयोग गर्न सकिन्छ ।" मैनालीको यो धारणाले पत्रकारिता तथा आमसञ्चारकै अनुसन्धानमा पत्रकारिता अध्ययनको फाइदा/वेफाइदालाई प्रतिनिधित्व गर्दैन, पत्रकारिता गर्ने अभ्यासलाई मात्र छुन्छ । *कान्तिपुर* दैनिकका सम्पादक नारायण वाग्ले पत्रकारिता गर्न पत्रकारिताको अध्ययन नै चाहिँ अनिवार्य भन्न नमिल्ने धारणा अघि सार्छन् । वाग्ले भन्छन्, "समाज विज्ञानका कुनै पनि विषयको प्राज्ञिक अध्ययनले पनि महत्त्वपूर्ण रूपमा सघाउँछ । पत्रकारिता मेरा हकमा विषयगत लगाव र उत्साहको प्रतिफल हो । आमरूपमा भन्नुपर्दा पत्रकारिताको पढाइ महत्त्वपूर्ण छ । विषयगत ज्ञानले पत्रकारितालाई पेशामा पकड जमाउन र विषयवस्तुमा गहिरिन सघाउँछ । प्राज्ञिक रूपमा समृद्ध पार्छ । तर पेशागत सीप, लगाव र रचनात्मकता भने पढाइमा होइन व्यक्तिमा भर पर्छ" (बस्नेत २०६४: ५ मा उद्धृत) । उल्लिखित विचारलाई सन्तुलनमा राखेर हेर्दा कुनै एकको मात्र महत्त्व वा भूमिका भन्दा पनि तालिम, अध्ययन र अभ्यासको संयोजन भयो भने त्यसले पुऱ्याउने फाइदा अझ राम्रो हुन्छ भन्ने नै देखा पर्छ ।

नेपालमा पनि पत्रकारिता शिक्षाको आरम्भ विश्वका अन्य देशमा जस्तै भाषासँग जोडेर भएको हो । रत्नराज्यलक्ष्मी क्याम्पसमा पत्रकारिता अध्यापन थाल्नका लागि राजाबाट हुकुम हुनुपरेको थियो र त्यो बेला यो अङ्ग्रेजी विषयअन्तर्गत पढाइएको थियो । त्यहाँ २०३३ सालमा (सन् १९७६) १६ विद्यार्थी लिएर यो कार्यक्रम सुरु भएको थियो (रेग्मी २०६३: २३२) ।

अब पत्रकारिताको औपचारिक शिक्षा पाउन प्रमाणपत्र तह नै पुग्नुपर्दैन । यसलाई २०५८ सालबाट माध्यमिक तहमा नै ऐच्छिक विषयका रूपमा परिचित गराइसकिएको छ । यसले पत्रकारिता विधालाई तल्लो तहबाटै बुझ्ने अवसर प्रदान गरेको छ । भक्तपुरस्थित परीक्षा नियन्त्रण कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार शैक्षिक वर्ष २०६३/६४ मा नेपालभरिमा माध्यमिक तहमा (कक्षा ९ र १०) कुल १३० जना विद्यार्थीले पत्रकारिता अध्ययन गरिरहेका छन् ।[४] ऐच्छिक विषयका रूपमा पाठ्यक्रममा समावेश गरिएपनि ग्रामीणस्तरमा अध्यापन गर्ने जनशक्तिको अभाव आदिले विषयमाथिको पहुँचलाई कति असर पारेको छ, किटेर भन्न गाह्रो छ । तर ग्रामीण भेकमा साँच्चिकै पढ्न चाहनेहरूलाई त्यहाँ उपलब्ध जनशक्ति पक्कै पनि कम हुँदो हो भन्ने अनुमान चाहिँ गर्न सकिन्छ ।

विद्यालय स्तरभन्दा माथिका तहमा पनि पत्रकारिता विषयको अध्ययन गर्ने रुचि र विद्यार्थी सङ्ख्या बढेको छ । जस्तो, २०६२ मा उच्च माध्यमिक शिक्षा परिषद्ले जम्मा ८४ ओटा उच्च माविहरूलाई मात्र सम्बन्धन दिएकोमा २०६३ को अन्तसम्म आइपुग्दा यो सङ्ख्या ११३ पुगिसकेको छ । २०६४ को शैक्षिक सत्रमा कुल २८१२ जनाले उच्च माध्यमिक तहमा पत्रकारिता तथा आमसञ्चारको अध्ययन गरिहेका छन् ।[५]

यस्तै पहिला त्रिविअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसमा मात्र पत्रकारिता अध्ययन गर्न पाइने सुविधा रहेकोमा अहिले त्रिविले सम्बन्धन दिएका निजी क्याम्पसको सङ्ख्या २५ पुगिसकेको छ ।[६] यसले त्रिविकै पाठ्यक्रम पढ्न चाहने विद्यार्थीहरूलाई पनि सजिलो पारेको छ । तर त्रिविले सम्बन्धन दिएका क्याम्पसहरूमा प्रमाणपत्र र स्नातक तहमा मात्र यो व्यवस्था छ । रत्नराज्यलक्ष्मी क्याम्पसमा

---

४ परीक्षा नियन्त्रण कार्यालय भक्तपुरका शाखा अधिकृत विष्णु शर्माले दिएको जानकारी ।

५ उच्च माध्यमिक शिक्षा परिषद्, सम्बन्धन शाखाका शाखा अधिकृत कृष्ण खनालले उपलब्ध गराएको तथ्याङ्क ।

६ पत्रकारिता तथा आमसञ्चार विभागका निमित्त प्रमुख बद्री पौडयालले दिएको जानकारी । त्रिविअन्तर्गत ६० ओटा आङ्गिक क्याम्पस र करिब तीन सय सम्बन्धन प्राप्त क्याम्पस छन् (राई २०६४) ।

हरेक वर्ष सम्पूर्ण विद्यार्थीको कुल सङ्ख्या करिब नौ हजार पुग्छ । यीमध्ये करिब एक हजार विद्यार्थीहरू पत्रकारितामा प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्छन् (राई २०६३) । स्नातकोत्तर तहमा औसतमा वार्षिक ४० जनाले अध्ययन गर्ने गरेको देखिन्छ ।[७] २०६३ को अन्तसम्म रत्नराज्यलक्ष्मी क्याम्पसबाट स्नातकोत्तर तह पूरा गर्नेहरू १८१ छन् (बस्नेत २०६४) । त्यहाँ पत्रकारितामा स्नातकोत्तर तह सुरु हुँदा विद्यार्थीको सङ्ख्या कम भयो भन्ने गुनासो आएको थियो । त्यति बेला पत्रकारिताबाहेक अन्य विषयमा स्नातक गरेका विद्यार्थीले पनि स्नातकोत्तरमा पत्रकारिताको अध्ययन गर्न पाउने प्रावधान प्रस्ताव गरिएको थियो । तर त्रिविले २०६४ को साउनसम्म त्यसलाई कार्यान्वयनमा ल्याएको छैन ।

यसबाहेक त्रिविकै मानविकी तथा सामाजिक शास्त्र अध्ययन सङ्कायअन्तर्गत स्नातक तह तेस्रो वर्षमा अनिवार्य हुने कार्यमूलक पत्र (फङ्सनल पेपर) भित्र पत्रकारितालाई पनि ऐच्छिक विषयका रूपमा राखिएको छ । यो विषय प्रति धेरै विद्यार्थीको आकर्षण रहेको पाइन्छ । सैद्धान्तिक गहिराइलाई नसमेट्ने भए पनि पत्रकारितालाई सामान्य रूपमा बुझ्न यसले पनि सघाएको छ ।

पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत सम्बन्धन लिएका दुइओटा कलेज (केसीसी र सिजेएमसी) मा भने जुनसुकै विधामा स्नातक गरेका विद्यार्थीले स्नातकोत्तर अध्ययन गर्न पाउने व्यवस्था गरिएको छ । केसीसीमा पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर कार्यक्रमको पहिलो समूहमा २१, दोस्रोमा १७, तेस्रोमा १२, चौथोमा ३० र पाँचौँमा ४२ जना गरी कुल १२२ जनाले अध्ययन पूरा गरिसकेका छन् । हाल सबै सेमेस्टरमा गरी ७५ जनाले अध्ययन गरिरहेका छन् (बस्नेत २०६४) । सिजेएमसीले सुरुमा १८ जना विद्यार्थीलाई लिएर पढाइ थालेको थियो । सो क्याम्पसका प्रिन्सिपल मञ्जु मिश्रका अनुसार कलेजले २०६३ को अन्तसम्ममा पाँच शैक्षिक सत्रमा गरी ६५ जना विद्यार्थी उत्पादन गरिसकेको छ । २०६४ साउनसम्ममा सो कलेजमा १०० जना विद्यार्थी पत्रकारिता तथा आमसञ्चार र

---

[७] औसतको यो आधार सो क्याम्पसबाटै स्नातकोत्तर तह पूरा गरिसकेका र अध्ययनरत व्यक्तिहरूसँग गरिएका अनौपचारिक कुराकानी हुन् । उनीहरूलाई "तपाईंसँग कतिजना पढ्थे/पढ्छन् ?" भन्ने प्रश्न गरिएको थियो । त्रिविअन्तर्गतका विभिन्न क्याम्पसमा भर्ना मात्र हुने तर नियमित कक्षामा उपस्थित नहुने बरु एकैपटक वार्षिक परीक्षामा मात्र उपस्थित हुने चलन पनि अत्यधिक छ । यसबाट रत्नराज्य पनि अछूतो रहने सम्भावना छैन । त्यसैले यो औसतबाट नियमित कक्षामा उपस्थित हुनेहरूलाई मात्र सम्बोधन गरिएको हो । यसमा घटबढ हुनसक्छ ।

विकास सञ्चार (डेभलपमेन्ट कम्युनिकेसन)[८] मा स्नातकोत्तर एवं स्नातक तहमा अध्ययनरत छन् ।

पूर्वाञ्चल विश्वविद्यालयबाट पत्रकारितामा स्नातक तहसम्मको सम्बन्धन लिएका अन्य कलेजमा सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजी र सगरमाथा मल्टिपल कलेज हुन् । सन् २००२ (२०५८ साल) मा सुरु भएको सेफर्ड कलेजमा २०६४ साउनमा हेर्दा सबै सेमेस्टरमा गरी कूल ७० जना विद्यार्थी अध्ययनरत छन् । यसअघि सो कलेजले २२ जना विद्यार्थीलाई स्नातक उत्तीर्ण गराइसकेको छ । सगरमाथा मल्टिपल कलेजमा पनि २०५८ बाटै पत्रकारिताको पढाइ भइरहेको छ । हालसम्म सो कलेजले २० जना विद्यार्थीलाई स्नातक तह पार गराइसकेको छ ।

२०६२ माघदेखि चार वर्षे स्नातक तहमा मिडियाको अध्ययन/अध्यापन थालेको काठमाडौँ विश्वविद्यालय अहिले जम्मा १५ विद्यार्थी लिएर कार्यक्रममा जुटेको छ । भाषा तथा आमसञ्चार विभागअन्तर्गत पहिलो समूहले यो अध्ययन गरिरहेका छन् । पहिलो समूहले अध्ययन पूरा गर्नेबित्तिकै स्नातकोत्तर तहमा समेत मिडिया अध्ययन थालिने विश्वविद्यालयको योजना छ ।[९]

पत्रकारिताको अध्ययन/अध्यापनसँगै जोडिएर आउने यससम्बन्धी तालिमहरू पनि हुन् । नेपाल प्रेस इन्स्टिच्यूटले २०४१ बाट थालेको यो पंक्तिमा अहिले मिडिया प्वाइन्टका साथै अन्य थुप्रै गैर सरकारी र नाफामूलक सङ्घसंस्थाहरू पनि उभिएका छन् ।[१०] यिनले उद्घोषण, कार्यक्रम प्रस्तोतालगायत पत्रकारिताको सामान्य ज्ञानदेखि

---

८ पत्रकारिताअन्तर्गत पनि विषय केन्द्रित गरेर बेग्लै स्नातकोत्तर तह सञ्चालन गर्ने सिजेएमसी एक्लो कलेज हो ।

९ काठमाडौँ विश्वविद्यालय, भाषा तथा आमसञ्चार विभागका प्रमुख जङ्गब चौहानसँग २०६४ असार १३ मा गरिएको कुराकानी । उनका अनुसार स्नातक तहमा प्रत्येक वर्ष ३० जना विद्यार्थी लिने विभागको नीति छ । चालू स्नातक तहका लागि सुरुमा ३६ जनाको आवेदन आएकोमा तय गरिएको मापदण्ड उत्तीर्ण गर्ने १७ जना थिए । यीमध्ये २ जना वीचमै अध्ययन छाडी विदेशिएका छन् ।

१० निरन्तर रूपमा पत्रकारिताको तालिम दिने नाम कहलिएका संस्थाहरू नेपाल प्रेस इन्स्टिच्यूट र मिडिया प्वाइन्ट हुन् । नेपाल प्रेस इन्स्टिच्यूटले २०५७ भन्दा अघि (सोह्रौँ समूहसम्म) १० महिने प्रमाणपत्र तालिम दिँदै आएकोमा सोही वर्षको फागुनदेखि यसलाई एक वर्षे डिप्लोमा बनाएको छ । वार्षिक रूपमा ३० जना (जसमध्ये सूचना विभागले ५ जनालाई छात्रवृत्ति दिएर पठाउँछ) लाई यो तालिममा लिखित र अन्तर्वार्ताका माध्यमबाट छनोट गरिन्छ । हाल २४ औँ समूह तालिमरत छ । मिडिया प्वाइन्टले पनि सन् १९९६ (२०५३) देखि १० महिने नै तालिम थालेको थियो । १० ओटा समूहलाई तालिम दिइसकेपछि सो कार्यक्रम बन्द भयो । त्यसपछि यसले ३ महिने तालिम सुरु गऱ्यो । यसका पनि ७ ओटा समूह उत्पादन भइसकेका छन् । सुरुको १० महिने र हालको ३ महिने दुवै तालिममा यसले एक समूहमा २५ जनालाई मात्र तालिम दिँदै आएको थियो/छ ।

विषय केन्द्रित तालिम पनि दिइरहेको पाइन्छ ।[११] वर्षेनी हुने यस्ता तालिमबाट पनि नेपाली बजारमा पत्रकारिताको ज्ञान राख्ने र आर्जित ज्ञानलाई अभ्यासमा ल्याउने जनशक्ति उल्लेख्य मात्रामा प्रवेश गरिरहेको छ । तालिमको नेपाली बजार, यसको आयतन र उत्पादनको प्रभावबारे राम्रै अनुसन्धान आवश्यक छ ।

माथिका यी सन्दर्भले नेपालमा पत्रकारिताको औपचारिक पठनपाठनको लहरका साथै पत्रकारिता अध्ययन/अध्यापन गर्ने संस्थाहरू समेत बढ्दै गएको देखाउँछन् । लामै समय पत्रकारितामा सक्रिय रहिसकेका व्यक्तिहरू पनि रत्नराज्य, केसीसी र सीजेएमसीमा स्नातकोत्तर तहका सुरुका वर्षमा अध्ययनमा संलग्न थिए । क्रियाशील पत्रकारहरूले यो तहमा अध्ययन गर्ने क्रमले अहिले झन् तीव्रता पाएको छ या भनौ पत्रकारहरूको डिग्री लिने दौड छ (बस्नेत २०६४) । अहिले पत्रकारिता तथा आमसञ्चार प्रति धेरै मानिसको चासो र आकर्षण बढ्दै गएको छ । २०६१ माघ १९ पछि शाही शासनको असहज परिस्थितिमा पत्रकारिता र यसको अध्ययनप्रति देखिएको निराशा जनआन्दोलन २०६२/६३ पछि हटेको छ । आन्दोलनपछिको उदार वातावरणले समग्र पत्रकारितालगायत यसको पठनपाठन र अध्ययन/अनुसन्धानमा पनि उत्साह थप्ने सम्भावना अझ बढेको छ ।

## ***विश्वविद्यालयका पाठ्यक्रमः एक झलक***

औपचारिक अध्ययनका लागि नभई नहुने कुरा हो पाठ्यक्रम । यसैका आधारमा विश्वविद्यालयहरूले पठनपाठनको चाँजोपाँजो मिलाएका हुन्छन् । यस सन्दर्भमा त्रिवि, पूर्वाञ्चल र काठमाडौं विश्वविद्यालयका पाठ्यक्रममा समावेश गरिएका विषय र तिनलाई दिइएको महत्त्व तल उल्लेख गरिएको छ ।

### *त्रिभुवन विश्वविद्यालय*

प्रमाणपत्र तहदेखि नै पत्रकारिता तथा आमसञ्चार विषय अध्ययन गर्दै आएको विद्यार्थीले मात्र त्रिविमा स्नातकोत्तर तह पढ्न पाउने व्यवस्था छ । स्नातकोत्तर तहमा कुल १,००० पूर्णाङ्क रहेको छ जसलाई प्रथम र दोस्रो वर्षमा ५००/५०० पूर्णाङ्क गरी बाँडिएको छ । प्रथम वर्षमा भएका सबै विषय अनिवार्य छन् । ती यसप्रकार छन्ः १. आमसञ्चार सिद्धान्तहरू, २. पत्रकारिताका मान्यताहरू,

---

[११] पत्रकारितालाई ध्यानमा राखेर सञ्चालन भइरहेका यस्ता तालिमको गुणस्तरमाथि नकारात्मक र सकारात्मक दुवै खालका टिप्पणी सुन्न पाइन्छन् । नाफामूलक बजारिया संस्थाहरूले सञ्चालन गर्ने तालिममा ठगीका पनि प्रशस्त समाचार आएका छन् र छलफल पनि गरिएका छन् ।

३. आमसञ्चारको ऐतिहासिक विकासक्रम, ४. अनुसन्धान पद्धति, ५. विश्व व्यवस्था तथा अन्तर्राष्ट्रिय पत्रकारिता ।

दोस्रो वर्षमा दुई विषय (१. अन्तर्राष्ट्रिय तथा अन्तरसाँस्कृतिक सञ्चार र मिडिया र २. शोधपत्र) अनिवार्य छन् भने आठ ऐच्छिक विषय (१. तुलनात्मक प्रेस कानुन र मिडिया प्रणाली, २. पत्रपत्रिका व्यवस्थापन तथा व्यापार, ३. जनसम्पर्क, ४. विद्युतीय मिडिया र प्रविधि (फिल्म सहित), ५. नेपाली मिडिया प्रणाली तथा पत्रकारिता, ६. विज्ञान तथा वातावरण पत्रकारिता, ७. विकास सञ्चार तथा पत्रकारिता र ८. विज्ञापन अध्ययन) मध्ये कुनै तीन विषय छान्ने अवसर दिइएको छ ।

यीमध्ये पत्रकारिता तथा आमसञ्चार विभाग, रत्नराज्यलक्ष्मी क्याम्पसमा तुलनात्मक प्रेस कानुन र मिडिया प्रणाली, विद्युतीय मिडिया र प्रविधि एवं विकास सञ्चार तथा पत्रकारिता मात्र अध्यापन गराइन्छ । २०६३ अघि नेपाली मिडिया प्रणाली तथा पत्रकारिता पढाइँदै आएकोमा विद्यार्थीको दबाबका कारण त्यसको सट्टामा विद्युतीय मिडिया र प्रविधि पढाइन थालिएको छ ।[१२]

*पूर्वाञ्चल विश्वविद्यालय*

जुनसुकै विषयमा स्नातक गरेको विद्यार्थीले पूर्वाञ्चल विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तहमा अध्ययन गर्न पाउने व्यवस्था छ । यसले लामो समय पत्रकारिता गरेर पनि औपचारिक अध्ययन गर्न नपाएका र अन्य विधाबाट आएकाहरूलाई पनि आफ्नो ढोका खुला गरेको छ। दुई वर्षे पाठ्यक्रमलाई सेमेस्टर प्रणालीअन्तर्गत चार सेमेस्टरमा विभाजित गरिएको छ । कुल ७१ क्रेडिट[१३] आवरमा समेटिएको पाठ्यक्रमलाई यसरी राखिएको छः

प्रथम सेमेस्टरः आमसञ्चार सिद्धान्त र व्यवहार, आधुनिक पत्रकारिताका मान्यता र अवस्था, रिपोर्टिङ/सम्पादन वा टर्म पेपर, विद्युतीय माध्यमको इतिहास र

---

[१२] रत्नराज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभाग, स्नातकोत्तर द्वितीय वर्षमा अध्ययनरत हर्षमान महर्जनसँग गरिएको कुराकानी । नेप्लिज मिडिया सिस्टम भन्ने पेपरको सट्टा इलेक्ट्रोनिक मिडिया अध्यापन गर्न विद्यार्थीको दबाब आउनुको कारण नेपालमा विद्युतीय माध्यमको उल्लेख्य विकास भएकाले सो अनुरुप अध्ययनको व्यवस्था हुनुपर्छ भन्ने विद्यार्थीको चाहना हो भन्ने महर्जनको भनाइ थियो ।

[१३] पूर्वाञ्चल विश्वविद्यालयले तीन क्रेडिट बराबर ३० देखि ४५ लेक्चर आवरसम्म (१ क्रेडिट बराबर १५ लेक्चर आवर) मानेको छ । यसरी हेर्दा कुल १०६५ लेक्चर आवरमा स्नातकोत्तर तहको पाठ्यक्रम समेटिएको छ । यो दैनिक लगभग ३ घण्टा बराबरको समय हो ।

आधुनिक अवस्था, मिडिया कानुन, सूचना व्यवस्थाको आधारभूत कुरा र प्रोजेक्ट (कुल १९ क्रेडिट) ।

द्वितीय सेमेस्टरः आमसञ्चार उद्योग र समाज, समाचार उत्पादन र व्यापार, आमसञ्चारमा अनुसन्धान, अत्याधुनिक विद्युतीय माध्यम, नेपाली पत्रकारिताको तुलनात्मक अध्ययन, अत्याधुनिक विद्युतीय प्रकाशनका अवधारणाहरू र प्रोजेक्ट (कुल १९ क्रेडिट) ।

तृतीय सेमेस्टरः आमसञ्चार र विज्ञापन, आमसञ्चार र जनसम्पर्क, मल्टीमिडिया एप्लिकेसन, इन्टर्नसिप प्रोजेक्ट, दक्षिण एसियाली मिडिया, छापा पत्रकारिता वा प्रसारण पत्रकारिता (यी दुईमध्ये कुनै एक) (कुल १८ क्रेडिट) ।

चौथो सेमेस्टरः मिडिया व्यवस्थापन, शोधपत्र (अनिवार्य) र मिडिया र जेण्डर, विकास पत्रकारिता, विज्ञान र वातावरण पत्रकारिता, अदालती रिपोर्टिङ, सार्वजनिक सञ्चारको अभ्यास, अन्तर्राष्ट्रिय सञ्चार र तुलनात्मक पत्रकारिता, वैकल्पिक मिडिया अभ्यास र साइबर प्रकाशन (यी ८ मध्ये कुनै दुई, कुल ६ क्रेडिट, हरेकलाई ३/३ का दरले विभाजन गरिएको) ।

*काठमाडौं विश्वविद्यालय*

भाषा तथा आमसञ्चार विभागअन्तर्गत चारवर्षे स्नातक तहलाई आठ सेमेस्टरमा विभाजन गरिएको छ । कुल १३५ क्रेडिट आवर पाएको यो तहमा भाषा (नेपाली र अङ्ग्रेजी २० क्रेडिट), नेपाल अध्ययन, समाज विज्ञान, मनोविज्ञान, दर्शन, तथ्याङ्कशास्त्र, अर्थशास्त्र र उद्यमशीलता सम्बन्धी (२१ क्रेडिट), कम्प्युटर (१० क्रेडिट), अनुशासन (सिकाइ ६४ क्रेडिट), अनुशासन (प्रयोगात्मक १४ क्रेडिट) र शोधपत्र (६ क्रेडिट) लाई समेटिएको छ । प्राप्ताङ्कलाई ७५ प्रतिशत परीक्षामार्फत र २५ प्रतिशत कक्षा शिक्षकले दिन पाउने व्यवस्था गरिएको छ । स्नातक तहमा लागू गरिएको यो पाठ्यक्रमलाई आधारभूत (फन्डामेन्टल) कोर्सका रूपमा लिइएको छ ।

## *पाठ्यक्रमः थरीथरी टिप्पणी*

पाठ्यक्रमबारे विश्वविद्यालयसम्बद्ध अध्यापक तथा विद्यार्थीहरूको आ-आफ्नै खालका टिप्पणी छन् । लालदेउसा राईले त्रिविका हकमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको पुनर्लेखन र संशोधन गर्नु आवश्यक भएको, परम्परावादी सोचबाट

हटेर सूचना प्रविधिका विभिन्न विधालाई महत्त्वका साथ समावेश गर्नुपर्ने र समाज विज्ञानका विधालाई पनि उचित स्थान दिनुपर्ने धारणा उल्लेख गरेका छन् (राई २०६३) । राईको थप टिप्पणी छः

> त्रिवि पत्रकारिता तथा आमसञ्चार विभागमा साधन र स्रोतको अभाव तथा सम्बन्धित विषयका विशेषज्ञ, प्राध्यापकहरूको नियुक्ति हुन नसकेकोले कम्प्युटर प्रविधि, टेलिभिजन कार्यक्रम उत्पादन वा सूचना प्रविधि जस्ता विषयहरूका लागि पाठ्यक्रम नै दिन नसकेको अवस्था छ । यस्तो पाठ्यक्रम सही शैक्षिक वातावरणमा कार्यान्वयन गर्न पर्याप्त अनुभवी, दक्ष र समर्पित जनशक्ति तथा कुशल प्रशासक पाएमा त्रिविले पनि एउटा सार्वजनिक विश्वविद्यालयको हकमा विश्व श्रेणीमा पुग्न छिमेकका विश्वविद्यालयहरूसँग प्रतिस्पर्धात्मक वातावरणमा विश्वस्त भएर होड गर्न सक्थ्यो (राई २०६३: २२८) ।

यही विभागबाट स्नातकोत्तर गरिरहेका पत्रकार तथा नेपालमा सामुदायिक रेडियोका अभियन्ता रघु मैनालीको धारणा भने अलि फरक छ । पाठ्यक्रममाथि टिप्पणी गर्दै उनी भन्छन्, “त्रिविको अहिलेको पाठ्यक्रमले आमसञ्चारको सामान्य जानकारी दिन्छ तर पत्रकारिता भने बुझाउँदैन । अहिलेको पाठ्यक्रम प्रमाणपत्र र स्नातक तहमा जस्तो छ त्यो भन्दा खासै फरक छैन । फङ्सनल छैन । स्नातकोत्तर तहको पाठ्यक्रम अलि दार्शनिक र पढिसकेपछि मिडियालाई ‘क्रिटिकल्ली’ बुझ्ने खालको हुनुपर्ने । तर यस्ता कुराको अपेक्षा यो पाठ्यक्रमबाट गर्न सम्भव छैन ।”[१४]

तर सोही विभागअन्तर्गत पहिलो समूहबाट स्नातकोत्तर गरिसकेका श्रीराम पौडेल पाठ्यक्रमलाई अद्यावधिक गर्नुपर्ने ठान्छन् । पौडेल थप्छन्, “आमसञ्चारका अत्याधुनिक प्रविधिको विकास र विस्तार भइसकेको अवस्थामा नेपालको आवश्यकतालाई औँल्याएर परिमार्जन पनि हुनुपर्छ । अहिलेको पाठ्यक्रम पढेर मिडियामा कार्यरत पत्रकारबाहेक अरू न्यूज रूममा फिट हुन सक्दैन । त्रिविले सञ्चालन गरेका प्राविधिक विषय (इन्जिनियरिङ, मेडिसिन) जस्तै पत्रकारितालाई पनि अघि बढाउने हो भने उत्पादन हुने जनशक्ति बढी व्यावहारिक हुने र यसले विषयकै विकास गर्ने सम्भावना छ ।”[१५]

पूर्वाञ्चल विश्वविद्यालयको प्रयोगमा आइरहेका पाठ्यक्रममा थुप्रै ठाउँमा सुधार हुनुपर्ने कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसनका प्रिन्सिपल मञ्जु

---

[१४] रघु मैनालीसँग २०६४ असार १३ मा गरिएको कुराकानी ।

[१५] श्रीराम पौडेलसँग २०६४ असार १४ मा गरिएको कुराकानी ।

मिश्रको विचार छ । पाठ्यक्रममा हुनुपर्ने/हुनसक्ने सुधारलाई मिश्रले *मिडिया अध्ययन १* मा बुँदागत रूपमा औँल्याएकी छन् (मिश्र २०६३) । सोही विश्वविद्यालयबाट सम्बन्धन प्राप्त केसीसीको चालू पाठ्यक्रमअन्तर्गत स्नातकोत्तर गरिसकेका पत्रकार सुरेश आचार्य पनि पाठ्यक्रमप्रति सन्तुष्ट छैनन् । पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतको सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीमा स्नातक तहलाई समेत अध्यापन गर्ने आचार्य पाठ्यक्रमप्रति टिप्पणी गर्दै भन्छन्, "अहिलेको पाठ्यक्रमले जर्नालिस्ट (पत्रकार) भन्दा पनि 'जेनेरालिस्ट' बनाउँछ । पाठ्यक्रम ज्यादै सामान्य छ । पत्रकारितामा कसैले स्नातकोत्तर गरिसक्दा उसले त्यो विषयमा दक्षता हासिल गरोस् न । अहिलेको पाठ्यक्रमले कति गहिराइमा जाने भन्ने कुरालाई सम्बोधन नै गर्दैन । स्नातकोत्तर तहमा आएर समाचार के हो, सम्पादन के हो भन्ने खालको पाठ्यक्रम राख्ने होइन । मिडियामाथि कसरी समीक्षा गर्ने वा कुनै विषय (स्पेसिफिक कोर्स) पढिसकेपछि ऊ त्यो विषयको राम्रो समीक्षक कसरी बन्न सक्छ भन्ने हुनुपर्‍यो ।"[१६] उनका विचारमा अहिले पत्रकारितामा जुनसुकै विधाबाट आएका विद्यार्थीले स्नातकोत्तर तहमा अध्ययन गर्न पाउने प्रावधानलाई अलि सच्याउनु आवश्यक छ । पूर्वाञ्चल विश्वविद्यालयमा अहिले लागू गरिएको पाठ्यक्रममा पढ्न आउने धेरैजसो व्यवस्थापनका विद्यार्थी हुने भएकाले तिनलाई पत्रकारिताको आधारभूत कुराकै जानकारी नहुने समस्या छ । तर पत्रकारिता नै अभ्यास गरिरहेकाहरूका लागि आधारभूत कुराबाटै पढ्नुपर्दा झिँजो लाग्छ । अहिलेको प्रावधानलाई परिवर्तन गरेर स्नातकोत्तर तहमा अध्ययन गर्नका लागि मिडियामा कार्यरत हुनुपर्ने राखियो भने पाठ्यक्रम परिमार्जनको खाँचो त पर्छ नै उत्पादन हुने जनशक्तिको गुणस्तरलाई पनि प्रभाव पार्छ ।

तर आचार्यको भन्दा बिल्कुलै फरक धारणा सोही विश्वविद्यालयअन्तर्गत कान्तिपुर सिटी कलेजबाट स्नातकोत्तर गरेका कुन्दन अर्यालको छ । अहिले भइरहेको कोर्सलाई नराम्रो भन्न नमिल्ने र त्यसमा सामान्य कुरा मात्रै छन् भन्नु उपयुक्त नभएको, बरु यसलाई अद्यावधिक चाहिँ गर्नुपर्ने उनको भनाइ छ । अर्याल थप्छन्, "अहिलेको पाठ्यक्रमले पूरै मिडिया सिस्टम र नीतिलाई समीक्षा गर्नसक्ने तहको नबनाए पनि मिडियालाई केही न केही रूपमा समालोचनात्मक ढङ्गले सोच्न सिकाएको मान्नुपर्छ । यद्यपि कतिपय ठाउँमा विषयको गहिराइ अपुग जस्तो देखिन्छ । समस्या त बरु पाठ्यक्रमले सुझाएका पाठ्यपुस्तकको

---

[१६] सुरेश आचार्यसँग २०६४ असार १४ मा गरिएको कुराकानी ।

प्राप्तिमा छ ।"[१७] अर्यालको अनुभवमा कोर्स अनुसन्धानमुखी हुन सकेको छैन र यसमा सुधारका लागि मिडिया अध्ययनमा संलग्न शैक्षिक संस्था र मिडिया अनुसन्धानमा संलग्न संस्थाहरूबीच नियमित छलफल आवश्यक छ । अहिलेको अध्यापन पद्धतिमा नै सुधार आवश्यक छ । प्रमाणपत्रमुखी अध्ययनलाई अन्त गर्न सम्बन्धित विभागको भूमिका बलियो हुनपर्छ । विश्वविद्यालयको पाठ्यक्रममा नै समस्या देख्ने सुरेश आचार्य, विश्वविद्यालयले तय गरेको पाठ्यक्रम अनुसारको शिक्षा लिएर त्रिविमा स्नातकोत्तर तहलाई नै अध्यापन गर्ने कुन्दन अर्याल र विश्वविद्यालयले लागू गरेको पाठ्यक्रमलाई आफ्नै कलेजमा कार्यान्वयन (अध्ययन/अध्यापन) गर्ने मञ्जु मिश्रको टिप्पणीलाई एकै ठाउँमा राख्दा आउने साझा कुरा के हो भने पाठ्यक्रम परिमार्जन आवश्यक छ ।

काठमाडौं विश्वविद्यालयको पाठ्यक्रम परीक्षणकालमै रहेकाले यसका कमीकमजोरीबारे खासै चर्चा सुनिएको छैन । विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभागले लागू गरेको व्यवस्थालाई सो विभागका प्रमुख जङ्गब चौहान 'सक्दो राम्रो पार्ने कोसिस गरिएको' बताउँछन् । पत्रकारिता अध्ययन गरिसकेको विद्यार्थी रिपोर्टर हुने मात्र होइन उसले विषयवस्तु वा घटनाको विश्लेषण गर्न सक्ने हैसियत पनि राखोस् भन्ने ध्येय राखिएको पनि उनी बताउँछन् । पत्रकारितासँगै समाज विज्ञानका विषयसँग पनि विद्यार्थीको परिचय स्थापित होस् भन्ने अभिप्रायले नेपाली साहित्य, नेपाल अध्ययन, अर्थशास्त्र, दर्शनशास्त्र, सिर्जनात्मक लेखन, मानवअधिकार र द्वन्द्व व्यवस्थापन आदि विषयलाई सेमेस्टरमा समेटिएको छ । सामान्यतया अहिलेको पाठ्यक्रमको प्रारूप हेर्दा चार वर्ष पत्रकारिता पढिसक्दा एउटा विद्यार्थीले मिडिया र समाजलाई बुझ्न सक्नेछ भन्ने अपेक्षा राख्न सकिन्छ ।

## *पाठ्यक्रमको प्राथमिकतामा अनुसन्धान*

त्रिवि र पूर्वाञ्चल दुवै विश्वविद्यालयका स्नातकोत्तर तहका पाठ्यक्रममा विषयको ज्ञान र अनुसन्धानलाई जोड दिएको पाइन्छ । औपचारिक शिक्षाको उपल्लो खुट्किलोमा आइपुग्दा तल्ला तहमा हासिल गरेको ज्ञानलाई अनुसन्धानका माध्यमबाट व्यावहारिक प्रयोगमा उतार्न पनि यसलाई पाठ्यक्रममा समेटिएको हुन्छ । समाज विज्ञानभित्रका सबैजसो विषयमा अनुसन्धान पद्धतिलाई समावेश गरिएको छ ।

---

[१७] कुन्दन अर्यालसँग २०६४ असार १६ मा गरिएको कुराकानी ।

त्रिविले २०५८ देखि लागू गरेको पत्रकारिता तथा आमसञ्चारको स्नातकोत्तर पाठ्यक्रमको मुख्य उद्देश्यमै अनुसन्धानलाई महत्त्वका साथ लिइएको उल्लेख छ। सो पाठ्यक्रमका दुईओटा मुख्य उद्देश्य राखिएका छन्। पहिलो, पत्रकारितासम्बन्धी उच्चस्तरको ज्ञान, तालिम, आमसञ्चारसम्बन्धी सिद्धान्त र अनुसन्धानका अभ्यासको पर्याप्त जानकारी गराउने र दोस्रो, विद्यार्थीहरूलाई पत्रकारिता तथा आमसञ्चारका क्षेत्रमा देखिएका नयाँ एवं ठूला चुनौतीहरूको सामना गर्न सक्ने र २१ औँ शताब्दी अनुकूल हुने गरी बौद्धिक रूपमा तयार पार्ने (करिकुलम डेभलपमेन्ट सेन्टर सन् २००२: १)। साथै पाठ्यक्रम स्नातक तह उत्तीर्ण गरिसकेका विद्यार्थीहरूलाई पत्रकारितासम्बन्धी ज्ञान र अनुसन्धानमा सबल बनाउने हिसाबले तयार पारिएको पनि उल्लेख छ।

पाठ्यक्रमको व्यावहारिक पक्षतर्फ हेर्दा प्रथम वर्षमा आमसञ्चार अनुसन्धान पद्धतिको सैद्धान्तिक अध्ययन गराइन्छ। त्यसको व्यावहारिक प्रयोगका रूपमा पहिलो वर्षमा कार्यपत्र लेखन राखिएको छ। कार्यपत्र व्यक्तिगत (एक्लै) वा सामूहिक (दुई जना मिलेर) रूपमा लेख्न सकिने प्रावधान अघि सारिएको छ। साथै आफूले तयार पारेको कार्यपत्रलाई विद्यार्थीले कक्षामा प्रस्तुत गर्नुपर्ने पनि व्यवस्था गरिएको छ। कार्यपत्रको विषय भने विद्यार्थीको रुचिमा नै भर पर्छ। र, दोस्रो वर्षमा टर्म पेपर लेख्नुपर्ने (विषयको प्रकृतिअनुसार, जस्तैः रेडियो पत्रकारिताबारे पढ्नेले त्यसको प्रयोगात्मक कक्षाका रूपमा रेडियो कार्यक्रम उत्पादन) अभ्यास पनि थालिएको छ भने वार्षिक परीक्षाको अन्त्यमा शोधपत्र लेखन अनिवार्य गरिएको छ। यसलाई १०० पूर्णाङ्क दिइएको छ।

यस्तै, पूर्वाञ्चल विश्वविद्यालयमा पनि पहिलो सेमेस्टरमा प्रोजेक्ट पेपर (१ क्रेडिट) र टर्म पेपर (३ क्रेडिट), दोस्रो सेमेस्टरमा आमसञ्चारमा अनुसन्धान पद्धतिको सैद्धान्तिक ज्ञान (३ क्रेडिट) र प्रोजेक्ट वर्क (१ क्रेडिट), तेस्रो सेमेस्टरमा इन्टर्नसिप (२ क्रेडिट) र प्रोजेक्ट वर्क (१ क्रेडिट) र अन्तिम सेमेस्टरमा शोधपत्र लेखन (३ क्रेडिट) समावेश गरिएको छ। तर सोही विश्वविद्यालय अन्तर्गत रहेको केसीसीमा अन्तिम सेमेस्टरको शोधपत्र लेखनको सट्टा अन्य काम पनि गर्न पाइन्छ (जस्तैः कसैले कुनै विषयको फोटोग्राफी गर्न चाह्यो– उदाहरणका रूपमा 'फेवा इन माइ लेन्स' भनेर पोखराको फेवातालका विभिन्न अवस्थाका तस्वीर खिचेर क्याप्सनसहित पेश गर्न – भने त्यसो गर्न पाइने व्यवस्था छ)।

वार्षिक परीक्षा प्रणालीभन्दा सेमेस्टर प्रणालीमा लेखनका अभ्यासहरू बढी राखिएका छन्। यसले अनुसन्धानका गतिविधिमाथि विद्यार्थीको रुचिलाई केही सघाउने मान्न सकिन्छ।

***पत्रकारिता अध्ययन: पत्रकार जन्माउँछ या यसमाथि अध्ययन गर्ने जनशक्ति ?***

मिडिया अध्ययन र अनुसन्धान मिडियासँग सम्बन्धित व्यक्तिहरूमा मात्र सीमित छैन । मिडियाको औपचारिक अध्ययन गर्नेहरू भन्दा बाहिरबाट पनि नेपाली मिडियाका विविध पक्षहरूमाथि शोध अनुसन्धान भइरहेका छन् । मिडिया विषय अध्ययन गर्नेहरूले मिडियामाथि नै आफ्नो अनुसन्धान गर्नुपर्ने भएकाले यस्ता अध्ययनको सङ्ख्या बढी त हुने नै भयो । शिक्षण संस्थाहरूले प्रदान गर्ने शिक्षामा भने अध्ययन सकिने बित्तिकै समाचार कक्ष (न्यूज रूम) मा पस्न योग्य बनाउने खालको अध्यापन बढी हुन्छ । पठनपाठनले पेशामा सघाउनु स्वाभाविकै हो, जसलाई शिक्षण संस्थाले पनि जोड दिएका छन् ।

यतिखेर मिडियालाई पढेर पत्रकारिताको अभ्यास गर्ने या त्यसबारे अनुसन्धान गर्ने, अनि स्नातकोत्तर उत्तीर्ण भएको व्यक्ति रिपोर्टर मात्र बन्ने कि प्राज्ञ पनि बन्नुपर्ने जस्ता बहस सुरु भएका छन् । यससँगै स्नातकोत्तर तह आमसञ्चारका विभिन्न क्षेत्रमा अवसर र पहुँच बढाउन मात्र नभई मिडियाको गुणस्तर बढाउन पनि हो भन्ने धारणाहरू पनि आएका छन् । स्वाभाविक छ, प्राज्ञ बन्ने एउटा बाटो अनुसन्धान पनि हो । मिडिया प्वाइन्टका कार्यकारी निर्देशक श्रीरामसिं बस्नेत 'डिग्री रिपोर्टर उत्पादन गर्न होइन' भन्ने धारणा अघि सार्छन् । बस्नेत यसमा जोड दिँदै भन्छन्, "पत्रकारितामा स्नातकोत्तर रिपोर्टर बन्नका लागि मात्र होइन, प्राज्ञ उत्पादन गर्न पनि हो । रिपोर्टर त विभिन्न प्रशिक्षण र स्नातकोत्तरभन्दा तलका अध्ययनबाटै उत्पादन गर्न सकिन्छ । डिग्री हासिल गरेकाले पढाउनुपर्छ, रिसर्च गर्नुपर्छ, किताब लेख्नुपर्छ र नयाँ पुस्तालाई गाइड गर्नुपर्छ । ढिलोचाँडो पोलिसी लेभलमा पुग्नुपर्छ, अध्ययनको प्रयोग गर्न सक्नुपर्छ" (बस्नेत २०६४: २ मा उद्धृत) । बस्नेतको यो धारणामा रत्नराज्यलक्ष्मी क्याम्पसका अध्यापक चिरञ्जीवी खनालको पनि सम्मति देखिन्छ । खनालका विचारमा "पत्रकारिताको अध्ययन पत्रकारिता गर्नका लागि मात्र होइन अनुसन्धान (रिसर्च) र अध्यापनका साथै विभिन्न क्षेत्रमा प्रवेश गर्ने कडीका रूपमा विकास भएको छ" (बस्नेत २०६४: २ मा उद्धृत) । पत्रकारितामा स्नातकोत्तर व्यक्ति के बन्नुपर्छ भन्ने खालका यस्ता थुप्रै बहसहरू अनेक किसिमले हुन सक्छन् ।

अब मिडिया अध्ययनबाट उत्पादन भएको जनशक्ति मिडियाको कुन क्षेत्रमा प्रयोगमा आएको छ भन्नेतर्फ नियालौं । सामान्यतया यसरी उत्पादन भएको व्यक्ति मिडिया अनुसन्धानमै संलग्न भयो भने उसका लागि त्यो सजिलो हुनसक्छ । यसले अध्ययन क्रममा सिकेका/सिकाइएका कुराहरूको प्रयोग कसरी भएको छ र कमीकमजोरी कहाँ भएका छन् भनेर औँल्याउन सजिलो बनाउँछ ।

नेपालमा पत्रकारिताको स्नातकोत्तर सञ्चालन भइसकेपछिका उत्पादनहरू प्रायः जुन क्याम्पसबाट उत्तीर्ण भएका हुन् सोही क्याम्पसमा नै, नत्र त्रिवि, उच्च माध्यमिक शिक्षा परिषद् र पूर्वाञ्चल विश्वविद्यालयका सम्बन्धन प्राप्त कलेजहरूमा अध्यापक भएर काम गरिरहेका छन् ।[१८] नेपालमा उत्पादन भएको जनशक्ति प्रायः यहीँ खपत भएको छ । यस सन्दर्भमा बजार अनुसारको जनशक्ति पर्याप्त/अपर्याप्त रहेको बारे अध्ययन हुनु आवश्यक छ ।

पत्रकारिता अध्ययन र अध्यापनका विविध पक्षहरूको माथि चर्चा गरियो । यस सँगसँगै गाँसिएर आउने कुरा स्नातकोत्तर तहमा हुने शोधपत्र लेखन पनि हो । यसका विभिन्न पक्षहरूबारे तल चर्चा गरिएको छ ।

## स्नातकोत्तर शोधपत्र लेखन

त्रिविले अँगालेको वार्षिक परीक्षा प्रणालीमा स्नातकोत्तर तह दोस्रो वर्ष र पूर्वाञ्चल विश्वविद्यालयको सेमेस्टर प्रणालीमा अन्तिम/चौथो सेमेस्टरमा शोधपत्र लेखनलाई अनिवार्य गरिएको छ । यो कुरा पत्रकारिता तथा आमसञ्चार विषयमा मात्र नभएर समाज विज्ञानका अन्य विषयमा पनि उत्तिकै लागू हुन्छ । त्यसैले स्नातकोत्तर तह भन्ने बित्तिकै शोधपत्र लेखनको प्रसङ्ग स्वतः जोडिन आइपुग्छ । त्यसो त काठमाडौँ विश्वविद्यालयले सुरु गरेको चारवर्षे स्नातक तहको अन्तिम/आठौँ सेमेस्टरमा पनि शोधपत्र लेखनलाई अनिवार्य गरिएको छ ।

### *मिडियाः शोधपत्रको घेरामा*

मिडियासम्बन्धी शोधपत्र मूलतः नेपाली, व्यवस्थापन, पत्रकारिता तथा आमसञ्चार, शिक्षाशास्त्र, समाजशास्त्र/मानवशास्त्र, जनसङ्ख्या अध्ययन, अर्थशास्त्र, अङ्ग्रेजी, नेपाल भाषा, भूगोलशास्त्र, पुस्तकालय विज्ञान लगायतका विषयगत विभागमा देखिन्छन् । त्रिभुवन विश्वविद्यालय स्थापना भएको ४६ वर्ष भएको छ । स्थापना भएको निकै वर्षपछि मात्र स्नातकोत्तर तहमा मिडियासम्बन्धी शोधपत्र लेखन

[१८] यो कुरालाई प्रमाणित गर्ने कुनै व्यवस्थित अनुसन्धान त गरिएको छैन । तर रत्नराज्य, केसीसी र सिजेएमसीमा अध्ययन गर्नुको साथसाथै नियमित पत्रकारिता गर्ने पत्रकारहरूसँगको भेटघाट र कुराकानीबाट के थाहा हुन्छ भने पत्रकारिताबाट स्नातकोत्तर गरेका अधिकांश पत्रकार/सञ्चारकर्मी उपत्यकाका विभिन्न कलेजमा अध्यापन गरिरहेका छन् । उच्च माध्यमिक शिक्षा परिषद्, सम्बन्धन शाखाले उपलब्ध गराएको तथ्याङ्कअनुसार काठमाडौँ उपत्यकामा मात्रै पत्रकारिता अध्ययनको सम्बन्धन लिइसकेका ९६ ओटा उच्च माध्यमिक विद्यालय (प्लस टु) छन् । पत्रकार र तिनको अध्यापन संलग्नताको छोटो सन्दर्भ बस्नेत (२०६४) मा पनि उल्लेख गरिएको छ ।

सुरु भएको हो । सुरुआत कुन सालमा भयो भन्न गाह्रो भए पनि लगभग एकै समयमा अर्थशास्त्र, वाणिज्यशास्त्र र नेपाली विभागबाट यस्तो शोध भएको देखिन्छ । यसरी लेखिएका शोधपत्रहरूमा अर्थशास्त्र केन्द्रीय विभागका विद्यार्थी ज्ञानेन्द्र बरालको 'नेपालका सञ्चारमाध्यमको विकासमा भारतीय सहयोगको भूमिका' (सन् १९७५),[१९] वाणिज्यशास्त्र केन्द्रीय विभागकी छात्रा नानीछोरी शाक्यको 'नेपालको चलचित्र उद्योगमा विकासको आवश्यकता' (सन् १९७५) र नेपाली केन्द्रीय विभागका छात्र रघुनाथ घिमिरेको 'नेपाली साहित्यमा *शारदा*को योगदान' (२०३२) देखिन्छन् ।

विषयगत विभागहरूबाट भएका अन्य शोधहरूमा व्यवस्थापन केन्द्रीय विभागअन्तर्गत सन् १९८० मा प्रकाशराज पाण्डेले गरेको 'नेपालमा विज्ञापनको अध्ययन', सन् १९८५ मा राजेन्द्र गिरीद्वारा लेखिएको 'विज्ञापन सञ्चारको प्रभाव र तयारी चाउचाउको ब्राण्ड प्रिफरेन्स्' सन् १९८६ मा विजयप्रकाश सैंजुद्वारा सम्पन्न 'काठमाडौँ उपत्यकाका सिनेमा हलमा मनोरञ्जन शुल्क', सन् १९८१ मा सन्तोषकुमार उपाध्यायद्वारा लेखिएको 'रेडियो विज्ञापन र उपभोग्य वस्तुको खरिदमा यसको प्रभाव', सन् १९८८ मा सुरेन्द्र श्रेष्ठद्वारा लिखित 'गोरखापत्र संस्थानको इन्भेन्टरी व्यवस्थापन' केही उदाहरण हुन् । समाजशास्त्रीय हिसाबले लेखिएको शोधपत्र भने चिरञ्जीवी खनालको 'द स्टडी अफ युज अफ मास मिडिया इन भिलेज बालकोट अफ भक्तपुर' (सन् १९८९) लाई मान्न सकिन्छ । समाजशास्त्र केन्द्रीय विभागबाट यो शोध सम्पन्न भएको हो ।

लक्ष्मीकान्त पन्थीको 'नेपाली साहित्यमा *गोरखापत्र*को योगदान (सम्वत् १९५८-१९९१)' (२०३४), सुरेन्द्रबरसिंह थापाको 'नेपाली साहित्यमा *रचना* पत्रिकाको योगदान' (२०३६), र रघुनाथ पोखरेलको 'नेपाली साहित्यमा *गोरखापत्र*को योगदान (२००७-२०१६)' (२०४६) नेपाली केन्द्रीय विभागबाट भएका मिडियासम्बन्धी शोधका थप उदाहरण हुन् । नेपाल भाषा केन्द्रीय विभागमार्फत पनि तीनओटा शोधपत्रहरू तयार भएका छन् (मानन्धर २०५६, मानन्धर २०५८ र सुवाल २०५६) ।[२०] यी उदाहरणहरूले विषयगत विभागमार्फत अध्ययनमा अनुसन्धान विषयमा देखिएको क्रमलाई सङ्केत गरेको छ ।

---

[१९] यो शोधपत्रमा सञ्चारको अध्ययनभन्दा पनि सञ्चारका रूपहरू अन्तर्गत रहेर राजमार्ग, हुलाक, दूरसञ्चार क्षेत्रमा आएको भारतीय सहयोगको भूमिका उल्लेख छ ।

[२०] नेपाल भाषा बुझ्ने लेखकको असमर्थताका कारण अन्य शोधपत्रहरूका हकमा गरिएको विश्लेषण र टिप्पणी यिनमा लागू हुँदैन ।

पत्रकारिता तथा आमसञ्चार विषयअन्तर्गत शोध लेखन २०६१ सालमा प्रारम्भ भएको देखिन्छ । त्रिवि र पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत सोही सालमा शोध सम्पन्न भएका छन् । विभिन्न विश्वविद्यालयअन्तर्गत विभिन्न सङ्कायमा भएका शोधको झलक तालिका १ ले दिन्छ ।

**तालिका १: विभिन्न विश्वविद्यालयका विभिन्न सङ्कायअन्तर्गत भएको मिडियासम्बन्धी शोध**

| क्र.स. | विश्वविद्यालय | विभाग | सङ्ख्या |
|---|---|---|---|
| १. | त्रिभुवन विश्वविद्यालय | नेपाली | ७२ |
| | | व्यवस्थापन | ४८ |
| | | पत्रकारिता तथा आमसञ्चार | ३१ |
| | | शिक्षाशास्त्र | २३ |
| | | समाजशास्त्र/मानवशास्त्र | १६ |
| | | जनसङ्ख्या अध्ययन | १० |
| | | अङ्ग्रेजी | ७ |
| | | अर्थशास्त्र | ५ |
| | | नेपाल भाषा | ३ |
| | | पुस्तकालय विज्ञान | २ |
| | | भूगोलशास्त्र | १ |
| | | जनप्रशासन | १ |
| | | भाषा विज्ञान | १ |
| २. | पूर्वाञ्चल विश्वविद्यालय | पत्रकारिता तथा आमसञ्चार | |
| | कान्तिपुर सिटी कलेज | | ३० |
| | कलेज अफ जर्नालिज्म एण्ड | | |
| | मास कम्युनिकेसन | | ११ |
| ३. | पोखरा विश्वविद्यालय | व्यवस्थापन | १ |
| | | **जम्मा** | **२६२** |

स्रोतः मिडिया स्रोत सामग्री केन्द्र, मार्टिन चौतारीको सङ्कलन (२०६३) ।

नेपाली मिडियासम्बन्धी धेरैजसो शोधपत्र त्रिभुवन विश्वविद्यालयअन्तर्गत नै लेखिएको पाइन्छ । यसमा धेरै सङ्काय, धेरै विषय र धेरै विद्यार्थी भएकाले शोधपत्रको विषयमा पनि विविधता देखिन्छ । तालिका १ ले यस सन्दर्भलाई सङ्ख्यात्मक हिसाबले पनि प्रस्टयाएको छ । त्रिवि र पूर्वाञ्चल विश्वविद्यालयमा पत्रकारिता विभागअन्तर्गतका विद्यार्थीले मिडियामाथि शोध गर्नैपर्ने कारणले दुवैमा गरी यो सङ्ख्या ७० पुगेको छ । अन्य सङ्कायका विद्यार्थीका लागि मिडिया विषयमा शोध गर्नु स्वेच्छिक भएकाले यो सङ्ख्या कम देखिन्छ ।

नेपाली विभागअन्तर्गत भाषा र साहित्यको प्रवर्द्धनमा पत्रिकाको योगदानलाई हेर्ने चलन बढी पाइन्छ । यसरी सम्पन्न भएका शोधहरूको सङ्ख्या ७२ पुगेको छ । यस्ता शोधपत्र लेख्दा धेरै मेहनत पर्दैन । शोधार्थीले आफूले तोकेको अध्ययन अवधिभित्र कुनै निश्चित पत्रिकामा के कति व्यक्तिहरूले के के लेखे, त्यसको विवरण मात्र राखिदिएको पाइन्छ । यस्तो विवरणको विश्लेषण गरिएको हुँदैन । सामान्यतया यस्ता शोधपत्रहरूमा आलोचनात्मक धारणाहरू आएका हुँदैनन्, जसलाई शीर्षककै शब्द 'योगदान' ले पनि अलिकति त प्रस्ट पारेकै हुन्छ । लेख्न सजिलो भएकाले यस्ता शोधको सङ्ख्या बढेको देखिन्छ । आफूभन्दा अघि अरूले सम्पन्न गरेका शोधपत्रको सूची पल्टाई मिल्दोजुल्दो शीर्षक पछ्याएर लेख्दा यस्ता शोधपत्र अघि बढाउन निकै सरल हुन्छ ।

तालिका १ मा उल्लिखित तथ्याङ्कलाई हेर्ने हो भने त्रिवि र पोखरा विश्वविद्यालयमा व्यवस्थापन सङ्कायअन्तर्गत ४९ ओटा शोध सम्पन्न भएका छन् । शोध लेख्नेहरूले विज्ञापनका विभिन्न आयाम, पत्रपत्रिकाको बजार नीति, ग्राहक सर्वेक्षण, इन्भेन्टरी व्यवस्थापन आदिलाई शीर्षकमा जोड्ने गरेकाले यो तथ्याङ्क देखा परेको हो ।

शिक्षाशास्त्र सङ्कायअन्तर्गत मुख्य विषय अङ्ग्रेजी लिनेले मूलतः भाषाको प्रयोगलाई लिएर शोधपत्र तयार गरेका छन् । यो सङ्ख्या २३ पुगेको देखिन्छ । सामान्यतया भाषिक प्रयोगको स्थितिलाई मिडियाका विभिन्न माध्यमबाट अवलोकन गर्न सजिलो ठानिएको देखिन्छ । यस्ता शोधपत्रहरूमा कुनै निश्चित माध्यमको निश्चित अवधिको कार्यक्रम वा सामग्रीलाई सुनेर, हेरेर वा पढेर भाषिक प्रयोगको स्थितिलाई केलाइएको छ ।

जनसङ्ख्या अध्ययन विषयमा १० ओटा शोध सम्पन्न भएका छन् । एड्स तथा सरुवा यौनरोगको चेतनासँग सम्बन्धित यी शोधपत्रको मूल विषयवस्तु मिडियासँग सोझै सम्बद्ध नभए पनि तथ्याङ्क विश्लेषण खण्डमा चेतना वृद्धिमा कुन आमसञ्चार माध्यमको प्रयोग कति भएको छ भन्ने तथ्याङ्क राखिएको पाइन्छ । पछिल्लो अवधिमा आएर अर्थशास्त्र (५ ओटा), अङ्ग्रेजी (७ ओटा), नेपाल भाषा (३ ओटा), भूगोलशास्त्र (एउटा) आदि विषयमा पनि मिडियासम्बन्धी शोध गर्ने प्रचलन देखिएको छ । सामान्यतया अङ्ग्रेजी र अर्थशास्त्र विषयमा मिडियासँग सम्बन्धित शोध गर्न सकिने सम्भावना प्रशस्त छ । तर पनि अङ्ग्रेजीमा धेरैजसोले कविता, नाटक, कथालाई नै शोधको मूल विषय बनाएको देखिन्छ भने अर्थशास्त्र विषयमा राष्ट्रिय स्तरकै अर्थतन्त्रमा धेरैको ध्यान केन्द्रित भएकाले त्यहाँ पनि यस्तो शोध कम भएको देखिन्छ ।

मिडियासम्बन्धी शोधपत्र लेखनको गति सुरुका १४ वर्ष (२०३२-२०४६/४७) मा धिमा देखिन्छ (हेर्नुहोस् अनुसूची १)। त्यसपछिका १० वर्ष (२०४६/४७-२०५७/५८) मा यो क्रम केही बढेको पाइन्छ र पछिल्ला पाँच वर्ष (२०५७/५८-२०६३ असोज अन्तसम्म) मा यो सङ्ख्या उल्लेख्य छ। मिडियामाथि शोधको क्रम बढ्नुका ठोस कारणहरूको विवेचना गर्न छुट्टै अध्ययन आवश्यक छ। तर सामान्य हिसाबले पनि केही अनुमान भने गर्न सकिन्छ। जस्तो, पत्रकारितामा स्नातकोत्तर तहको पढाइ भर्खर सुरु भएको छ र त्यसका विद्यार्थीरूले अनिवार्य रूपमा नै नेपाली मिडियामाथि शोध लेख्ने हुँदा पनि पछिल्लो चरणमा यिनको सङ्ख्या बढेको हो। साथै पत्रकारिताबाहेकका विषयमा अध्ययन गर्ने विद्यार्थीहरूले पनि नेपाली मिडियामा रुचि देखाएका छन्।

प्रजातन्त्र पुनःस्थापनापछिका १६ वर्षमा नेपाली मिडियाको विस्तार भएको छ, र यो विस्तार कुनै एक माध्यममा मात्र सीमित नरहेर सबैतिर फैलिएको छ। यसरी फैलिएको मिडियाले सार्वजनिक जीवनमा टड्कारो प्रभाव पारेको छ। त्यो प्रभावको प्रतिबिम्ब मिडिया अध्ययनमा पनि परेको मान्न सकिन्छ। यसबाहेक, मिडिया उद्योगका रूपमा पनि विकास भइरहेको छ। फलस्वरूप व्यवस्थापनका विद्यार्थीको रुचि पनि यसमा बढेको छ। यस्तै, पछिल्ला वर्षहरूमा त्रिविलगायत सबै विश्वविद्यालयमा स्नातकोत्तर तहमा नयाँनयाँ विषयहरूले प्रवेश पाएका छन्। र त्यसमा अध्ययन गर्ने विद्यार्थीका सङ्ख्यामा पनि बढोत्तरी भएको छ। यसले मिडियालाई अनुसन्धानको घेरोमा तान्ने सम्भावनालाई अझ बढाएको छ।

## ***शोधपत्रले समेटेका मिडियाका क्षेत्रहरू***

सामान्यतया स्नातकोत्तर तहका शोधपत्रले नेपाली मिडियामाथि विभिन्न किसिमले विभिन्न कोणबाट हेर्दै तदनुरूप विषयवस्तु र क्षेत्र समेटेका छन्। तर विविधताको प्रकृति सङ्कायको चरित्र र प्रचलनसँग पनि जोडिएको पाइन्छ। जस्तो, व्यवस्थापन सङ्कायका शोधपत्रहरू विज्ञापनसँग जोडिएर लेखिएका भेटिन्छन्। विज्ञापनप्रति उपभोक्ताको व्यवहार, रेडियो, टेलिभिजन, साइनबोर्डका विज्ञापनले उपभोक्तामा परेको प्रभाव आदिलाई यिनमा समेटिएको छ। त्यसबाहेक केस स्टडीका रूपमा गोरखापत्र संस्थानको इन्भेन्टरी व्यवस्थापन, विज्ञापनमा महिला छवि (अर्याल सन् २०००) नेपालको सञ्चारको विकासमा भारतीय सहयोगको भूमिका (बराल सन् १९७५), नरम पेय पदार्थको बिक्री वितरण तरिका, तयारी चाउचाउको विज्ञापन तरिका जस्ता विषय उठाइएको पाइन्छ।

त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग अन्तर्गतका अत्यधिक शोधपत्रहरू कुनै पत्रिकाले नेपाली भाषा र साहित्यमा गरेको 'योगदान' लाई शीर्षक बनाएर लेखिएका छन् । जस्तै, *गोरखापत्र*ले नेपाली भाषा र साहित्यमा गरेको योगदान शीर्षकमा मात्रै कालखण्ड छुट्ट्याएर तीनओटा शोधपत्र सम्पन्न भइसकेका छन् (पन्थी २०३४, कट्टेल २०३६ र पोखरेल २०४६) । यी शोधपत्र १९५८ देखि २०२७ सम्मको अवधिलाई लिएर लेखिएका छन् भने *गोरखापत्र*को त्यसयताको अवधिलाई समेटेर शोधपत्र लेख्ने अभ्यास/चलन अझै चलिरहेको छ । नेपाली भाषाका अन्य पत्रिकाअन्तर्गत अहिलेसम्म *समकालीन साहित्य, प्रज्ञा, मिर्मिरे, गोँधूलि, चन्द्रिका, शारदा, माधवी, हिमाली सौगात, मधुपर्क, अभिव्यक्ति, उत्साह, रचना, कान्तिपुर (कोसेली), साङ्ग्रीला, बगर, हाम्रो पुरुषार्थ, नौलो पाइलो, गरिमा, झिसमिसे, श्रीनगर, हाम्रो ध्वनि* आदिबारे शोध गरिएको पाइन्छ । प्रत्येक शोधमा सम्बन्धित पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको 'योगदान' बारे विवरणात्मक रूपमा चर्चा गरिएको हुन्छ । शोधका नाममा सामान्यतः पत्रिकाका सुरुदेखिका अङ्कमा क-कसले के के कथा, कविता, निबन्ध, संस्मरण लेखे भन्ने सूचीबद्ध विवरण मात्र पेश गरिएको हुन्छ । एउटाले *मधुपर्क*को योगदान भनेर जसरी सूची बनाएको छ, अर्कोले त्यसैगरी *प्रज्ञा*को योगदान वा *गरिमा*को योगदान भन्दै उस्तै सूची बनाएको पाइन्छ ।

यो कुरालाई सो विभागसम्बद्ध भिक्टर प्रधान पनि स्वीकार गर्छन् । नेपाली विभागमा शोधपत्र लेखन अनिवार्य नभए पनि अधिकांश विद्यार्थीले शोध लेख्ने गर्छन् र यसको कारण मूलतः वार्षिक परीक्षाको प्राप्ताङ्कसँग जोडिने गर्छ । प्रधान भन्छन्, "वार्षिक परीक्षामा ४५ प्रतिशतभन्दा माथिको अङ्क ल्याउनेलाई शोध लेख्न दिइन्छ । तर यी शोधहरू अनुसन्धान भन्दा सन्दर्भ सूची बनाउने प्रक्रियामै बढी केन्द्रित हुने चलन छ । राम्रा शोधपत्र लेखनभन्दा पनि थर्ड डिभिजन ल्याउनेले सेकेण्ड डिभिजन ल्याउन र सेकेण्डले फस्ट डिभिजन ल्याउने सजिलो बाटो भएको छ ।"[२१]

[२१] त्रिवि नेपाली विभागका सह प्राध्यापक भिक्टर प्रधानसँग २०६४ असार १३ मा गरिएको कुराकानी । सो विभागमा शोधपत्र लेखनलाई सुरुमा इच्छाधीन विषयका रूपमा पाठ्यक्रममा समावेश गरिएको थियो । २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि यसलाई अनिवार्य बनाइयो । तर यो योजनाको पूर्णावधि मूल्याङ्कन (२०३५-२०३६) पछि पुनः इच्छाधीन विषयका रूपमा रहने व्यवस्था गरियो (सुवेदी २०५७/५८) जुन अहिले (२०६४) सम्म जारी छ । नेपाली केन्द्रीय विभागले प्रकाशन गर्ने अनुसन्धानमूलक पत्रिका *वाङ्मय*मा सोही विभागमा कार्यरत केशव सुवेदीले नेपाली विभागमार्फत हुने

शिक्षाशास्त्र अन्तर्गतका अधिकांश शोधपत्रहरू भाषासँग जोडेर लेखिएका छन् । दैनिक र साप्ताहिक पत्रपत्रिका, रेडियो, टेलिभिजन र चलचित्रमा हुने भाषिक प्रयोगको स्थिति मुख्यतया यस्ता शोधपत्रले समेटेको विषय हो । कुन कुन पत्रिका या एफएम रेडियोले तिनका कुनै निश्चित अङ्क या कार्यक्रममा कति अङ्ग्रेजी मिसाए (बराल सन् २००५, बस्ताकोटी सन् २००३, भण्डारी सन् १९९९, चापागाईं सन् २००५, पङ्गेनी सन् २००५) भन्ने खालका चर्चा नै यिनको मूल विषय हो ।

समग्रमा भन्नुपर्दा शोधपत्रहरूले जिल्ला, अञ्चलको पत्रकारिता, नयाँ मिडिया–अनलाइन र पुस्तकालयदेखि परिवार नियोजन, एचआइभी/एड्स र सरुवा यौनरोगसम्बन्धी चेतना अभिवृद्धिमा आमसञ्चारको भूमिकाका विषयसम्म समेटेका छन् । यस्तै चलचित्र, रेडियो (धेरैजसो एफएम रेडियोलाई ध्यान राखेर लेखिएका), बालबालिका (बाल हकर, सडक बालहकर) र अन्य पत्रिका विक्रेता, महिला बेचविखन, मिडियामा महिलाको स्थान, छापा तथा टेलिभिजन विज्ञापनमा महिलाको छवि, महिला विरुद्ध हुने हिंसा (घरेलु हिंसा, यौन हिंसा आदि) जस्ता विषय पनि अध्ययनको घेराभित्र परेका छन् । यसैगरी टेलिभिजन (नेपाल टेलिभिजनमा महिला रोजगारी, नेपाली टेलिभिजनमा टक शो–कुराकानी–का कार्यक्रम, स्कूले बालबालिकामा टेलिभिजनको प्रभाव, जनसङ्ख्यासँग सम्बन्धित सिरियलहरूको प्रभाव आदि) इन्टरनेट (लुइँटेल सन् २००५) तथा इमेल, एसएमएस र च्याटमा प्रयुक्त भाषालाई (सापकोटा सन् २००४) पनि शोधपत्रले समेटेका छन् ।

यी बाहेक पत्रिका तथा टेलिभिजनमा खेलकूदसम्बन्धी समाचारको कभरेज (सिलवाल २०६१, ज्ञवाली सन् २००३), आमसञ्चार र साहित्यमा हिंसाको चित्रण

---

शोधबारे लेखेका छन्, "त्रिविको स्थापनासँगै स्नातकोत्तरस्तरीय पठनपाठन थालिएको नेपाली विषयका पाठ्यक्रममा इच्छाधीन पाठ्यांशका रूपमा शोधकार्यलाई स्थान दिइएका परिप्रेक्ष्यमा त्यति बेला विद्यार्थी सङ्ख्या पनि न्यून रहेको र उच्च शैक्षिक तहमा गरिने अनुसन्धान विधिको शैक्षिक प्राज्ञिक चेतना पनि प्रारम्भिक किसिमको नै रहेको हुँदा त्यति बेलाको स्नातकोत्तरस्तरीय शोधकार्यमा पनि प्रारम्भिकता नै देखा पर्दछ । शोधकार्यलाई अनिवार्य पाठ्यांशका रूपमा स्थान दिएपछि समयानुसार विद्यार्थी सङ्ख्यामा भएको बढोत्तरी र पठनपाठनमा भएको युगानुकूल गुणस्तरीय सम्प्राप्तिका कारणले गर्दा नेपाली स्नातकोत्तर तहमा शोधकार्य गर्ने प्रवृत्ति हालसम्म पनि निरन्तर वृद्धिशील रहँदै आएको देखिन्छ" (सुवेदी २०५७/५८: ५४) । नेपाली विभागबाट सम्पन्न भएका शोधपत्रहरू राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ लागू भएयताका मात्र विभागको जानकारीमा छन् । सो अवधिभन्दा अघिका शोधहरूको जानकारी विभाग स्वयंसँग पनि नभएको सुवेदी (२०५७/५८) ले उल्लेख गरेका छन् ।

(दास सन् २००२), हिन्दू अवधारणामा सञ्चार प्रक्रिया (अधिकारी २०६०), दूर शिक्षा (अधिकारी २०५८), दैनिक पत्रिकाहरूमा पाठक पत्र (घिमिरे-कार्की सन् २००४), ग्रामीण ऊर्जा र गरिबी निवारण (पाण्डे सन् २००४), विज्ञापन एजेन्सीका चुनौती र भविष्य (पोखरेल सन् २०००), सामुदायिक वन र मिडिया (काफ्ले सन् २००४), पत्रिकाका सम्पादकीयले नीतिनिर्माणको तहमा पार्ने प्रभाव (झा सन् २००४) लगायतका विषयमा शोध गरिएका छन् ।

## ***शोधपत्रको प्राज्ञिक स्तर***

तल्ला तहदेखि हासिल गरेको प्राज्ञिक ज्ञानलाई कसी लाउन मिल्ने तह स्नातकोत्तर नै हो । तर प्राज्ञिक स्तर शोधपत्र लेखनको तहमा मात्र सीमित नरहेर समग्र अध्ययन/अध्यापनदेखि वार्षिक परीक्षा प्रणालीसँग पनि जेलिन्छ । नेपाली सन्दर्भमा हेर्ने हो भने प्रमाणपत्र तहबाट विश्वविद्यालय अन्तर्गत अध्ययन थालेको विद्यार्थीले सामान्यतया लेख्ने भनेको कक्षाकोठामा अध्यापक/प्राध्यापकले लेखाइदिएको नोट या टिपाइदिएको बुँदा, वार्षिक परीक्षामा प्रश्नको उत्तरबाहेक यदाकदा लेख्नुपर्ने छोटो निबन्ध (एक सय पचास देखि तीन सय शब्दसम्मको) अनि साथी वा प्रेमी/प्रेमिकालाई लेख्ने चिठी नै हुन् । बजारमा सजिलै उपलब्ध गाइड र गेसपेपरको हुर्कंदो संस्कृतिले विद्यार्थीलाई परनिर्भर बनाइदिएको छ । खोजेर पढ्ने, सिक्ने र लेख्ने कुरालाई दूरदराजमा पुऱ्याइदिएको छ । लेखनको कसरतसँग प्रायः परिचय नै नगरी कक्षा उक्लिँदै आएका विद्यार्थीका लागि एकैपटक अनुसन्धानमूलक लेखन अप्ठेरो कर्म भइदिएको छ । यस पृष्ठभूमिमा २०६३ असोज अन्तसम्म उपलब्ध ८० ओटा शोधपत्रको अध्ययनका आधारमा शोधपत्रको ढाँचालाई बुँदागत रूपमा निम्नअनुसार चर्चा गर्न सकिन्छ ।

### *परिचय*

सामान्यतया सबै शोधपत्रको परिचय एकै किसिमले लेखिएको भेटिन्छ । पत्रकारितासँग सम्बन्धित शोधहरूको परिचय अन्तर्राष्ट्रिय स्तरमा गुटेनवर्ग र नेपालमा गिद्धे प्रेसको चर्चाबाट सुरु भएर *गोरखापत्र*को इतिहास, रेडियो नेपाल हुँदै क्रमशः एफएम रेडियोसम्म आइपुगेको देखिन्छ । पत्रकारिता बाहेकका विषयसँग सम्बन्धित शोधहरूको परिचय चाहिँ सञ्चार (सञ्चारको विशाल क्षेत्र) भनेको के हो बाट सुरु भएको पाइन्छ । सामान्यतः यी परिचयमा आउनुपर्ने कुरा नै हुन् तर कतिपय अवस्थामा यिनले शोधपत्रलाई नचाहिँदो बोझिलो बनाएको देखिन्छ । यसको एउटा उदाहरण 'मुक्त कमैया समुदायमा आमसञ्चार माध्यमको

प्रयोगः एक अध्ययन' शीर्षकमा जगत नेपालको शोधपत्र (नेपाल २०६१) लाई लिन सकिन्छ । उक्त शोधको परिचय नेपाल भौगोलिक हिसाबले कुन अक्षांश र देशान्तरमा छ भन्नेदेखि विश्वमा र नेपालमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, फिल्मको सुरुआत कसरी भयो भन्नेसम्मका तथ्यहरू राखेर सुरु भएको छ । उक्त शीर्षकले सामान्यतया विश्व पत्रकारितादेखि नेपालसम्मको विकासको सन्दर्भ माग गर्दैन । बरु यसले विश्वका अन्य मुलुकमा मुक्त कमैया जस्तै अवस्थामा रहेका विभिन्न जाति या समुदायमा मिडियाको प्रभाव कसरी परेको छ वा मिडियाको प्रयोग तिनले कसरी गर्ने गरेका छन् भन्ने खालका सन्दर्भको माग गर्छ । तर यी सन्दर्भलाई यो शोधपत्रले समेट्न सकेको छैन ।

परिचयमा यी कुराहरू प्रायः जुनसुकै विषयबारे लेख्दा पनि आउने गरेको पाइन्छ । ठ्याक्कै आफ्नै कुराबाट, छोटो सन्दर्भ बनाएर लेख्ने अभ्यासको कमी देखिन्छ । खास गरी प्राज्ञिक लेखनको (अनुसन्धानको) नियमअनुसार आफूले चर्चा गरेका विषयवस्तुको सन्दर्भ सामग्री उल्लेख नहुँदा चर्चा गरेका कुरा कहाँबाट कसरी थाहा पाइयो जान्न हम्मे पर्छ । नेपालकै शोधपत्र यसको प्रमाण हो । त्यसमा माथिका तथ्यहरू राख्दा कुनै सन्दर्भ सामग्रीको उल्लेख गरिएको छैन । यस्तै, दीपक भट्टराई (२०६१) को शोधपत्र 'नवलपरासी जिल्लाको डेढगाउँ विकास समितिका महिलाको आमसञ्चार माध्यममा पहुँच र त्यसको प्रभाव' मा पनि परिचय खण्ड ठ्याक्कै महिला र मिडियाको सन्दर्भबाट सुरु नगरी नेपालमा सञ्चारमाध्यमको विकास र आमसञ्चारको अवस्थाबारे लम्बेतान व्याख्याबाट सुरु गरिएको छ ।

अर्को उदाहरण सच्ची घिमिरे-कार्की (सन् २००४) को शोधपत्रलाई लिन सकिन्छ । नेपालमा पत्रपत्रिकाले पाठक पत्रमार्फत बनाउने 'पब्लिक ओपिनियन' बारेको शोधमा खासमा पत्रपत्रिकामा कहिलेदेखि पाठक पत्रको अभ्यास सुरु भयो भनेर प्रारम्भ गर्न सकिन्थ्यो । तर त्यसको सट्टा नेपाली प्रेसको कालखण्डगत चर्चा गरेर परिचयका अधिकांश पृष्ठ भरिएको छ । जे कुरा शोधको विषय हो त्यसको चर्चा छोटो अनुच्छेदमा खुम्च्याइएको छ ।

शोधपत्रलाई 'मोटो' देखाउन पनि परिचयमा धेरै अनावश्यक कुराहरू राखिएको पाइन्छ । परिचयलाई त्यसरी बोझिलो बनाउनुको सट्टा त्यसमा शोधार्थीले किन त्यही विषयमा अनुसन्धान गर्न खोज्यो, कसको प्रेरणाले शोधको क्रम अघि बढ्यो, कुन वा कस्तो घटनाले शोध गर्न हौस्यायो जस्ता प्रसङ्ग समावेश गर्न सकिन्छ । अनुसन्धानपूर्व हुने साहित्य समीक्षा क्रममा आफूले गर्न खोजेको विषयमा भएका अध्ययन र हुन नसकेका विषयका पनि थुप्रै कारण हुनसक्छन् जसलाई परिचयमा प्रस्ट पार्न सके राम्रो हुन्छ ।

*साहित्य समीक्षा*

विगतमा, शोध गर्न लागिएको विषयसँग सम्बन्धित के के खालका अनुसन्धान वा त्यस विषयमाथि के कस्ता विचार निर्माण भएछन् भन्ने थाहा पाउन र तिनका आधारमा आफूले गर्न खोजेको अनुसन्धानको जग कहाँनेर उभिएछ इत्यादि पहिल्याउन साहित्य समीक्षाको प्रमुख भूमिका हुन्छ । मिडिया तथा सञ्चार अनुसन्धान पद्धतिमा साहित्य समीक्षाबारे आर्थर आशा बर्गर लेख्छन्:

> साहित्य समीक्षा पुस्तकालय खोजी (लाइब्रेरी सर्च) को एउटा निश्चित किसिम हो । सबै साहित्य समीक्षाले आफूले खोजी गर्न रुचि राखेका विषय वा क्षेत्रमा पहिले नै अन्य अनुसन्धानकर्ताले गरेका अध्ययनको प्रमुख निष्कर्ष (फाइन्डिङ्स) लाई सारांशमा बताउँछन् । साहित्य खोजी गर्ने क्रममा पुस्तकालय (डेटावेस र इन्टरनेटलगायत) मा रहेका लेख, अनुसन्धान प्रतिवेदन, जर्नल र पुस्तकमा पहिले नै के के विषयमा अनुसन्धान भइसकेका छन्– जुन तपाईं खोज्दै हुनुहुन्छ– त्यसको सारांश खोजिन्छ । यस्तो साहित्य खोजीमा दुईओटा पक्ष हेरिन्छ । पहिलो, तपाईंका पाठकका लागि तपाईंको अनुसन्धान, खोज योजना कसरी उपयुक्त हुन्छ, त्यसको सन्दर्भको पूर्वानुमान (सेन्स अफ कन्टेक्स्ट) गरिन्छ । दोस्रो, यसले पाठकलाई तपाईं कहाँबाट सूचना पाउनुहुन्छ, यो कति नयाँ हो र कति विश्वास गर्न योग्य हुनसक्छ भन्ने देखाउँछ (बर्गर सन् २०००: २३) ।

तर, उपलब्ध शोधपत्रहरूमा प्रस्तुत साहित्य समीक्षालाई केलाउँदा यस्तो गम्भीरता/स्पष्टता भेटिँदैन । त्रिवि ग्रामीण विकास केन्द्रीय विभागका अध्यापक सुमन बास्कोटा भन्छन्, “कक्षामा विद्यार्थीलाई तपाईंहरू पढेर आउनुस् भन्दा विद्यार्थीले टारिदिन्छन् । तर जब शोधपत्र लेख्नुपर्ने हुन्छ त्यसमा ‘लिट्रेचर रिभ्यू’ भन्ने खण्ड पनि राखिएको हुन्छ । यसपछि त पढ्नै पर्ने हुन्छ । तर हामीकहाँ पढ्ने झन्झटले ‘लिट्रेचर रिभ्यू’ पनि अर्काको सारेर राख्छन् । आफैंले नपढेको कुरा जस्ताको तस्तै सार्दा पनि के सार्ने भनेर त पढ्नुपऱ्यो । जस्ताको तस्तै सार्दा पनि विद्यार्थीमा विषयको केही ज्ञान त हुन्छ ।”[२२] त्रिविका विद्यार्थीले गर्ने अभ्यासलाई बुझ्न बास्कोटाको यो भनाइ नै पर्याप्त छ । यस्तो अभ्यासले शोधार्थीको सैद्धान्तिक धरातललाई उँचो पार्न सक्दैन ।

शोधपत्रको साहित्य समीक्षाको नाममा विगतमा भएका सम्बन्धित अध्ययनबाट पूरै अनुच्छेद जस्ताको तस्तै ‘कोट’ भित्र राखिएको पनि देखिन्छ । उदाहरणका रूपमा लामिछाने (२०६२), श्रेष्ठ (सन् २००५), सापकोटा (सन् २००४), पङ्गेनी (सन् २००५) आदिलाई लिन सकिन्छ । सम्बन्धित विषयबारे पूर्व अध्ययनको

---

[२२] सुमन बास्कोटासँग २०६३ भदौ १७ मा गरिएको कुराकानी ।

उल्लेख हुनु त राम्रै हो तर अर्कालि लेखेको सामग्री जस्ताको तस्तै सारेर छोडिदिनु र उसको अध्ययनले भनेको मुख्य कुरा के थियो त्यो चाहिँ उल्लेख नगर्नु उचित होइन । जस्तो 'बजार प्रवर्द्धनमा एफएम रेडियोले खेलेको भूमिका' बारे लेखिएको सुशील श्रेष्ठ (सन् २००५) को शोधपत्र । त्यसको साहित्य समीक्षा खण्डमा एफएम रेडियोबारे विभिन्न कालखण्डमा अरूले लेखेका सातओटा लेखका पूरै अंश जस्ताको तस्तै समेटिएको छ । तर त्यहाँ त्यसो गर्नुको सट्टा ती सात लेखमा भनिएका मुख्य कुरा वा तिनका निष्कर्ष के थिए त्यो उल्लेख गर्नु उचित हुन्थ्यो ।

यस्तो प्रचलनले शोधपत्र लेख्दा साहित्य समीक्षा भन्ने खण्ड पनि हुनुपर्छ भन्ने विश्वविद्यालयको प्रावधानलाई अनुसरण गर्नुबाहेक यसको उपादेयतालाई झल्काउँदैन । साहित्य समीक्षालाई श्राद्धमा बिरालो बाँधे झैं बुझ्ने परम्पराले शोधको स्तरलाई नकारात्मक प्रभाव पारिरहेको छ । आफ्नो अध्ययनबाट प्राप्त नतिजाहरू र अन्य अनुसन्धानकर्ताले प्राप्त गरेका नतिजामा के कस्ता समानता वा फरकहरू भेटिए र त्यसका कारणहरू के के होलान् भनेर तथ्याङ्क विश्लेषणमा समावेश गर्न सके मात्र साहित्य समीक्षाको महत्त्व बढ्न सक्छ ।

### *अध्ययनको औचित्य*

कुनै पनि अध्ययन/अनुसन्धानको औचित्य खुल्नु जरुरी हुन्छ । शोधपत्रले समेटेका विषयवस्तुको मोटामोटी झलक आइसकेपछि पनि प्रश्न उठ्छ आखिर किन अध्ययन/अनुसन्धान गरिएको हो त यस विषयमा ? यस प्रश्नको चित्तबुझ्दो उत्तर शोधकर्ताले दिनुपर्ने हुन्छ । तर प्रायः सबै शोधपत्रले कर्मकाण्डी पारामा एक वाक्यमै ठम्याएका छन्, 'यो विषयमा यसभन्दा अघि कुनै शोध भएको थिएन, त्यसैले यसबाट इँट्टा थप्ने काम भएको छ भनेर ।' उदाहरणका लागि 'नेपाली साहित्यमा *मिर्मिरे* पत्रिकाको योगदान' शीर्षकको शोधपत्र हेरौं । यसमा आफ्नो शोधको औचित्य यसरी खुलाइएको छः

> *मिर्मिरे* नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा प्रमुख पत्रिकाका रूपमा रहेको छ । यसमा प्रकाशित रचनाहरू नेपाली साहित्य र समाजका निम्ति अमूल्य निधि बनेका छन् । यस पत्रिकाका सम्बन्धमा आजसम्म कुनै औपचारिक शोध र अनुसन्धान कार्य भएको छैन । यसमा प्रकाशित रचनाहरूको लेखकका नाममा आधारित वर्णानुक्रम विवरणका अभावमा थुप्रै शोधार्थी, लेखक र पाठकलाई अप्ठेरो परेको छ । त्यसकारण लेखकीय सन्दर्भ विवरण तयार पारेर त्यसको साहित्यिक अध्ययन गर्नु स्वयंमै महत्त्वपूर्ण कार्य हुन आउँछ । त्यस्तै *मिर्मिरे*मा के कस्ता रचनाहरू प्रकाशित गरिँदै आएका छन् र सिङ्गो नेपाली साहित्यका इतिहासमा तिनको के कस्तो योगदान रहेको छ भन्ने कुराको

> अध्ययनले पछिका अनुसन्धाताहरूलाई सहयोग पुग्ने विश्वास लिन सकिन्छ। यस आधारमा प्रस्तुत शोधपत्रको आफ्नै विशेष महत्त्व रहेको छ (पन्त २०५७: २-३)।

यो शोधपत्रमा औचित्य खण्डअन्तर्गत लेखिएको कुरा यत्ति हो। सामान्यतया माथि उल्लिखित उद्धरणमा विमति जनाउनुपर्ने कारण छैन। तर शोधकर्ताले औचित्य खुलाउन प्रयोग गरेका शब्दहरूले अध्ययनको औचित्य कसै गरे पनि खुल्दैन। किनभने त्यहाँ प्रयोग गरिएका '*मिर्मिरे*मा प्रकाशित रचनाहरू नेपाली साहित्य र समाजका निधि हुन्', 'साहित्यिक पत्रकारिताको इतिहासमा प्रमुख पत्रिका' आदि वाक्यांशलाई पुष्टि गर्ने कुनै सन्दर्भ सामग्री या अध्ययनको सहायता लिइएको छैन। 'शोधार्थी, लेखक र पाठकलाई अप्ठेरो परेको' जस्ता कुराहरूलाई पुष्टि गर्नु उत्तिकै गाह्रो कुरा हो। अझ 'अध्ययन गर्नु स्वयंमै महत्त्वपूर्ण कार्य हुन आउँछ' र 'प्रस्तुत शोधपत्रको आफ्नै विशेष महत्त्व रहेको छ' भन्ने शोधार्थीको ठोकुवाले जबर्जस्ती औचित्य थोपर्ने कोसिस गरिएको देखिन्छ। यस्तै अर्को एउटा उदाहरणलाई अघि सार्न सकिन्छ। रेडियो नेपालको कुनै बेलाको लोकप्रिय कार्यक्रम *साहित्य संसार*बारे लेखिएको एउटा शोधपत्रमा जम्मा दुई वाक्यमा सो शोधको औचित्य यसरी खुलाइएको छः

> *साहित्य संसार* कार्यक्रमका बारेमा सुव्यवस्थित रूपमा विस्तृत र व्यापक अध्ययन गरिएको शोधकार्य स्वतः औचित्यपूर्ण रहेको छ। *साहित्य संसार* कार्यक्रमका बारेमा जान्न चाहने जुनसुकै स्तरका पाठक, अध्येता, अनुसन्धाताका लागि यो शोधकार्य उपयोगी र औचित्यपूर्ण रहेको छ (लामिछाने २०६२: ३)।

यहाँ उल्लेख भएका कुराहरू त झन् पूर्वाग्रही छन्। जस्तो *साहित्य संसार* कार्यक्रमबारे रेडियो नेपालकै मुखपत्र *झङ्कार* र विभिन्न पत्रपत्रिका, पुस्तकमा अध्ययन र टिप्पणी भइसकेका छन्। र, यसै विषयमा नेपाली केन्द्रीय विभागबाट चिनियाँ अन्तर्राष्ट्रिय रेडियोमा कार्यरत चौ चाउ च्यून (२०५६) द्वारा लघु शोध पनि सम्पन्न भइसकेको छ। यद्यपि लामिछानेको शोधमा यी सन्दर्भलाई परिचय र साहित्य समीक्षा खण्डमा उल्लेख गरिएको छ। तर अगाडि भइसकेका शोध, अध्ययन वा टिप्पणीभन्दा यो शोधले के नयाँ कुरा गर्छ वा त्यसको कुन सन्दर्भसँग सम्बन्ध राख्छ, त्यो उल्लेख नगरी 'स्वतः औचित्यपूर्ण' रहेको लेखकीय घोषणा स्वीकार गर्न गाह्रो हुन्छ। दुवै मिडियाइतरका शोधार्थीबाट लेखिएका शोधपत्रका उदाहरण मात्र हुन्। तथापि पत्रकारिता विषयमै सम्पन्न भएका शोधपत्रहरू पनि यीभन्दा खासै भिन्न छैनन्।

*अध्ययन विधि*

अनुसन्धानका विभिन्न किसिम हुन सक्छन् । त्यस्तै तिनका विधिहरू पनि । सर्वेक्षण विधि प्रायः शोधपत्रले अनुसरण गरेका छन् । त्यसमा पनि सय जना उत्तरदाताको छनोट एकखालको सर्वमान्य अवधारणा जस्तो देखिन्छ । शोधको प्रकृतिअनुसार कति स्याम्पल वा सङ्ख्या छान्ने भन्ने निर्धारण हुन्छ । र छानिएको सङ्ख्याको औचित्य उल्लेख गर्नुपर्छ । तर उत्तरदाता किन र केका आधारमा छानिए र त्यही सङ्ख्या नै किन छान्नुपऱ्यो जस्ता प्रश्नको स्पष्टीकरण शोधपत्रहरूले दिन सकेका छैनन् । औचित्य पुष्टि नगरिएको अर्को उदाहरण हो पत्रपत्रिकाको छनोट । पत्रकारिताइतर र सम्बन्धित दुवै विषयका विद्यार्थीले कुनै पत्रिकामा कुनै विषयमा के कति कभरेज भयो भन्ने विषयमा अध्ययन गरेको पाइन्छ । तर त्यही पत्रिका के आधारमा र किन छान्नुपऱ्यो जस्ता प्रश्नको उत्तर तिनले दिएका हुँदैनन् ।

कतिपय अवस्थामा शोधले गुणात्मक पक्ष माग गर्ने तर शोधकर्ताले त्यसलाई पनि सङ्ख्यात्मक बनाइदिने गरेको पाइन्छ । अधिकांश शोधार्थीहरूमा प्रश्नावली तयार पारेर 'फिल्ड' मा जाने र त्यहाँबाट प्राप्त हुने तथ्याङ्कको विश्लेषणलाई नै अनुसन्धान मान्ने मानसिकता देखिन्छ । यो कुरा विश्वविद्यालयस्तरबाट गरिएका शोधपत्रमा मात्रै लागू नभएर अन्य क्षेत्रबाट गरिएका अधिकांश शोधमा पनि समान रूपमा लागू हुन्छ ।[२३] त्यस्तै अनुसन्धान विधिको बुझाइमा पनि कमजोरी देखिन्छ । कुनै रिसर्च स्याम्पल किन छानेको र त्यसभित्र पनि कुनै निश्चित केस वा घटनाको अध्ययन किन गर्नुपरेको भन्ने खालका कुराको जवाफ भेट्न मुश्किल पर्छ शोधपत्रमा ।

पत्रकारिताका विद्यार्थीमध्ये धेरैजसोले पत्रपत्रिकालाई नै अध्ययनको आधार बनाएको पाइन्छ । तर किन कुनै पत्रिका विशेष र त्यसका निश्चित अङ्कहरू नै अध्ययनका लागि छानिए भन्ने प्रश्नको चित्तबुझ्दो जबाफ पाउन सकिँदैन । उदाहरणका रूपमा आरती गुरुङ (सन् २००५) को शोधलाई लिन सकिन्छ । छापा माध्यमले महिला विरुद्धको हिंसालाई कसरी कभरेज गरेका छन् भन्ने गुरुङको शोधको विषय हो । त्यसका लागि उनले तीनओटा अङ्ग्रेजी दैनिक *द काठमाण्डू पोस्ट, द हिमालयन टाइम्स* र *द राइजिङ नेपाल* छनोट गरेकी छन् । तर महिला विरुद्धको हिंसाको कभरेजका लागि यी तीन पत्रिका नै किन छनोट

[२३] मार्टिन चौतारीमा २०६१ फागुन ९ (२० फेब्रुअरी २००५) मा भएको 'फिल्ड भनेको के हो ? वर्तमान रिसर्च अभ्यासमाथि टिप्पणी' विषयक छलफलमा प्रत्यूष वन्तद्वारा व्यक्त विचार ।

गरियो भन्ने सन्दर्भ उनको शोधपत्रमा छैन । यस्तै श्रीराम केसी (सन् २००५) को शोधपत्रमा नेपाली समाचारपत्रमा विकास पत्रकारिताको अभ्यास र कभरेजमाथि चर्चा गर्न खोजिएको छ । यसका लागि *कान्तिपुर, गोरखापत्र, स्पेसटाइम* र *नेपाल समाचारपत्र*लाई छनोट गरिएको छ । तर यी पत्रिका किन छानिए र केका आधारमा छानिए भन्ने उल्लेख छैन । यसले के देखाउँछ भने 'अनुसन्धान गर्दा कुनै पनि स्याम्पल या पत्रिका या केस छान्ने त हो नि, त्यो किन छानियो, अरूलाई के चासो' भन्ने मानसिकता बोकेर अनुसन्धानहरू भइरहेका छन् ।

*अध्ययनको सीमा*

प्रायजसो शोधपत्रमा अध्ययनको सीमा भन्ने खण्डमा समानता पाइन्छ । यस खण्डमा अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको सीमाभन्दा पनि आफ्ना व्यक्तिगत सीमाहरूलाई समस्याको रूपमा उल्लेख गरेको हुन्छ । यस क्रममा अनुसन्धानकर्ता विद्यार्थी भएको, थोरै समयमा अध्ययन सम्पन्न गर्नुपर्ने, आर्थिक सहयोगको अभाव र स्नातकोत्तर तहको आंशिक परिपूर्तिका लागि लेखिएको भन्ने सीमा तोकिएको हुन्छ । अध्ययनको सीमालाई बुझ्ने यो परम्परा अधिकांश विभागमा देखिन्छ । वस्तुतः यस खण्डमा नमूना छनोटका सीमाहरू, अध्ययनको क्षेत्र के कति हदसम्म समावेश गर्न सकियो, कुन सैद्धान्तिक ढाँचामा लेखियो र यसले समग्रतालाई प्रतिनिधित्व गर्न सक्छ/सक्दैन भन्ने कुराहरू उल्लेख हुनुपर्ने हो । अध्ययनको सीमा प्रस्टचाउन सकेमा शोधपत्रमा प्रयोग भएका तथ्याङ्क र त्यसको महत्त्वलाई अझ बढाउन सकिन्छ ।

*तथ्याङ्क विश्लेषण*

अध्ययन प्रतिवेदनको बलियो पक्ष हो अध्ययनका क्रममा प्राप्त भएका तथ्य-तथ्याङ्कहरूको व्याख्या र विश्लेषण । शोधपत्र लेखनको नेपाली अभ्यासलाई हेर्दा शोधले समेटेका प्रश्नहरूबारे विभिन्न उत्तरदाताले दिएका जवाफहरूलाई गणितीय हिसाबले प्रस्तुत गर्नुलाई नै तथ्याङ्क विश्लेषण मान्ने गरेको पाइन्छ । खास गरी उत्तरदाताका जवाफलाई टेबल, चार्ट, ग्राफ, बार डायग्राम आदिमार्फत प्रस्तुत गर्ने र यसो भन्ने उत्तरदाता यति प्रतिशत, उसो भन्ने उत्तरदाता उति प्रतिशत भनेर नै अधिकांश शोधपत्रको विश्लेषण खण्ड टुङ्गिएको पाइन्छ । अध्ययनमा यस्ता कुराहरू हुनै हुँदैन भन्ने आशय होइन । तथ्याङ्कको सहायताले त्यसमा गर्न सकिने थप विश्लेषणको अभावतर्फ औंल्याउन मात्रै खोजिएको हो ।

एउटा शोधपत्रलाई उदाहरणका रूपमा लिऊँ । 'राष्ट्रिय दैनिकहरूमा विकास समाचारको अभ्यास र भूमिकाः तीन राष्ट्रिय दैनिकहरूको एक अध्ययन' शीर्षकमा विमलबाबु खत्री (२०६१) ले शोधपत्र तयार गरेका छन् । शीर्षकको छनोट हेर्दा यो शोधले गुणात्मक (क्वालिटेटिभ) अध्ययनको गुण समेटेको हुनुपर्ने हो । तर यसमा शोधका लागि छानिएका *गोरखापत्र, कान्तिपुर* र *अन्नपूर्ण पोष्ट* पत्रिकाले विकासका समाचारलाई कसरी सम्प्रेषण गरेका छन् भन्ने अनुसन्धान प्रश्नको जवाफलाई उक्त पत्रिकाका कुल समाचारमा विकास समाचारको स्थान कति सङ्ख्यामा र प्रतिशतमा थियो भन्ने जानकारीका अलावा ती पत्रिकाका विकास समाचार लेख्ने पत्रकारहरूको धारणालाई पनि प्रतिशतमै ढालेर विश्लेषण गरिएको छ । यसलाई विषयवस्तु विश्लेषणको माध्यमबाट सम्पन्न गरिएको भए तथ्याङ्क केवल 'सपोर्टिङ रोल' मा सीमित हुन्थ्यो ।

यो अध्ययनमा ७६ जना विभिन्न व्यक्तिलाई (२७ पत्रकार, १९ विकाससम्बद्ध परियोजनाका सञ्चार अधिकृत तथा कार्यालय प्रमुख र ३० जना पाठक) प्रश्नावली भराइएको छ। तर तीमध्ये ४६ जनाले दिएका उत्तरलाई मात्र तथ्याङ्कमा विश्लेषण गरिएको छ। ३० जना पाठकले भरेका प्रश्नावलीको भने पूरै बेवास्ता गरिएको छ । यसले शोधकर्ताको समय खेर गएको छ । वास्तवमा यो प्रकृतिको अध्ययनले फिल्डमा गएर ७६ जनासँग प्रश्नावली भराउनुपर्ने माग राख्दैन । तर त्यसो गरिएको छ ।

विश्वविद्यालयका शोधपत्रहरूमा फिल्डको गहिरो प्रभाव देखिन्छ । र फिल्ड भन्नेबित्तिकै प्रश्नावली तयार गर्ने र त्यहीँबाट आएका कुराहरूलाई तथ्याङ्कमा राखेर प्रस्तुत गर्ने अभ्यास अधिक छ । विश्वविद्यालयले भने कुनै पनि अनुसन्धान गर्दा सर्वेक्षण प्रणाली अपनाउनै पर्छ भन्ने बाध्यात्मक प्रावधान नराखेको र सबै अनुसन्धान सङ्ख्यात्मक नै हुनुपर्छ भनेर बाध्य पनि नपारेको त्रिवि ग्रामीण विकास केन्द्रीय विभागका अध्यापक सुमन बास्कोटा बताउँछन् । शोधपत्रमा फिल्डको अत्यधिक प्रभाव शोधको अन्तिम चरणमा शोधमाथि विद्यार्थीले गर्ने प्रतिरक्षा (डिफेन्ड वा भाइभा) सँग पनि जोडिएको छ । किनभने बाह्य परीक्षकहरूले सोध्दा सङ्ख्यात्मक उत्तर दिन सजिलो हुन्छ ।

### *सन्दर्भ सामग्री*

कुनै पनि अध्ययन/अनुसन्धानको बलियो आधार लेखन क्रममा प्रयोग हुने सन्दर्भहरू हुन् । यसरी प्रयोगमा आएका/ल्याएका सन्दर्भ सामग्रीलाई छुट्टै सूची बनाएर राख्ने चलन हुन्छ । यसले अध्ययन सम्पन्न गर्न कुन-कुन सामग्रीको

सहयोग लिइएको हो भन्ने कुराको अभिलेख गर्छ । यसबाहेक सन्दर्भ सामग्रीको सूचीले भावी अनुसन्धाताको समय र मेहनतलाई पनि घटाइदिन्छ । किनभने अर्कोपटक अनुसन्धान गर्ने व्यक्तिले के के भएछन् भनेर पहिलो अनुसन्धानकर्ताले खर्चेको समय र मेहनतबाट फाइदा लिन पाउँछ । तर प्रस्ट र पूरा सन्दर्भ सामग्री उल्लेख भएका शोधपत्रहरू न्यून भेटिन्छन् । टेक्स्ट (मूल पाठ) मा सहयोग लिइएका सन्दर्भलाई अन्तमा सूचीबद्ध गर्दा पनि आ-आफ्नै तरिकाले राखिएको पाइन्छ । कसैले सङ्ख्यात्मक रूपमा (खत्री २०६१, पन्थी २०३४) राखेका हुन्छन् भने कसैले बुलेटमा (भट्टराई २०६१) । साथै, पुस्तक र पत्रपत्रिकाका लेखलाई छुट्टाछुट्टै सूचीवद्ध गर्ने परम्परा देखिन्छ ।[२४] यसबाहेक धेरैजसोमा चाहिँ अध्ययनमा सहायता लिइएका पत्रपत्रिकाहरूको एकमुष्ट नामावली मात्र प्रस्तुत गरेको भेटिन्छ (हेर्नुहोस् थापा २०६१) । कुन मितिको पत्रिकाबाट कुनै समाचार वा लेखको सहायता लिइएको थियो भन्ने उल्लेख गरिएको अवस्थामा मात्र त्यसको अर्थ हुन्छ र अन्य शोधार्थीले त्यसबाट फाइदा उठाउन सक्छन् । त्यस्तै सन्दर्भ सामग्रीहरू लेखकको अन्तिम नामको वर्णानुक्रममा राख्ने प्रचलन भए पनि त्यसलाई अनुसरण नगरी छरपस्ट बनाएको पाइन्छ (हेर्नुहोस् नेपाल २०६१) । समग्रमा भन्नुपर्दा शोधपत्रहरूमा पूर्ण सन्दर्भ सामग्री (नाम, मिति, लेख या पुस्तकको शीर्षक, प्रकाशन भएको स्थान–पत्रिका/जर्नल/पुस्तक या ठाउँ, प्रकाशन गर्ने संस्था वा व्यक्ति यी सबै उल्लेख भएको) पाउन हम्मेहम्मे पर्छ ।

### ***शोधपत्र लेखनका केही प्रवृत्ति***

नेपालमा आम विद्यार्थीवर्गको सहज पहुँच भएको विश्वविद्यालय त्रिवि र यसैका आङ्गिक क्याम्पस मात्र हुन् । निजी क्षेत्रका विश्वविद्यालय र क्याम्पसमा सामान्य

---

[२४] सन्दर्भ सामग्री (रेफरेन्स), सन्दर्भ सूची (बिब्लियोग्राफी) र थप अध्ययन सामग्री (फर्दर रिडिङ्स) अनुसन्धान गर्दा सँगसँगै आउने शब्दावली हुन् । यीमध्ये सन्दर्भ सामग्रीले मूलपाठमा कुनै न कुनै रूपमा प्रत्यक्ष सहायता लिइएका जानकारी/सूचनालाई अन्तमा सूचीवद्ध गर्ने कुरालाई जनाउँछ भने सन्दर्भ सूचीले मूलपाठमा प्रत्यक्ष सहायता नलिइएको तर आइडिया लिने तहमा प्रयोग भएका सूचना/जानकारीलाई बुझाउँछ । थप अध्ययन सामग्रीले भावी अनुसन्धानकर्तालाई सो विषयका अरू थप जानकारी/सूचना कहाँबाट उपलब्ध हुन्छन् भन्ने जानकारी दिन्छ । सामान्यतया सन्दर्भ सूची कसरी राखियो भन्ने कुरा समस्या जस्तो नलाग्न सक्छ । तर शोधकार्यमा यो व्यवस्थित (सिस्टमेटिक) हुनैपर्छ । स्नातकोत्तर तहको प्रथम वर्षमा रिसर्च मेथोडोलोजी भन्ने विषय राखिएको छ जसअन्तर्गत यो कुरा सिकाइन्छ । अनुसन्धान प्रयोजनमा सन्दर्भ सामग्री प्रस्तुत गर्दा मूलतः एमएलए (मोडर्न ल्याङ्वेज एसोसिएसन) र एपीए (अमेरिकन साइकोलोजिकल एसोसिएसन) भनिने दुई विधि प्रचलनमा छन् । तर यीमध्ये कुन विधिलाई उपयोग गर्ने भन्नेबारे त्रिविका विभागहरूमा एकरूपता छैन ।

विद्यार्थीले सहजै पढ्न सक्ने हैसियत राख्दैन । किनभने त्रिविका तुलनामा ती असाध्यै महँगा छन् । शैक्षिक गुणस्तरका हिसाबले यी उन्नत छन् भन्ने तर्क गरिन्छ र त्यो केही मात्रामा सही पनि हुन सक्छ । तर देशको शैक्षिक जनशक्ति उत्पादनमा सबैभन्दा ठूलो जिम्मेवारी बहन गर्ने विश्वविद्यालय त्रिवि नै हो ।

त्रिविले अँगालेको प्रणालीमा समाज विज्ञानअन्तर्गत विभिन्न विषयमा अनुसन्धान गरी प्रतिवेदन लेख्नुपर्ने तह स्नातकोत्तर तह मात्रै हो ।[२५] यद्यपि व्यवस्थापन, विज्ञान आदि केही विषयमा स्नातक तहमै प्रोजेक्ट पेपर लेख्नुपर्ने प्रावधान छ । लेख्ने अभ्यास नभएको अवस्थामा एकैपटक स्नातकोत्तर तहमा शोधपत्र लेख्नुपर्दा असजिलो महसुस गरेको प्रशस्त सुन्न पाइन्छ । त्यसैले शोधपत्र लेखन धेरैजसो अवस्थामा औपचारिकतामा मात्र सीमित भएको छ (वन्त २०६२) ।[२६] अनुसन्धान पद्धतिको जानकारी स्नातक तेस्रो वर्ष र स्नातकोत्तर प्रथम वर्षमा गराइने भए पनि त्यो लेक्चरमा मात्र सीमित छ । प्रयोगात्मक पद्धति एकैपटक स्नातकोत्तर दोस्रो वर्षमा भएकाले शोधपत्र लेखनलाई विद्यार्थीले सहज किसिमले लिन सकेका छैनन् ।

शोधपत्र लेखन असजिलो लागे पनि यसको आकर्षण विद्यार्थीले शोधमार्फत पाउने प्राप्ताङ्कमा छ । सामान्यतया लिखित परीक्षामा जाँच दिएर नआउने अङ्क शोधपत्र लेखनबाट आउने गरेको छ । त्यसैले सुरुमा सजिलै मानेर शोधपत्र लेख्न थाल्ने प्रवृत्ति छ । जब शोध लेखनको वास्तविक चरणबाट गुज्रिने प्रक्रिया सुरु हुन्छ, त्यसपछि यसलाई गाह्रो कुराका रूपमा लिइन्छ ।

शोध प्रस्ताव सामान्यतया शीर्षक चयनको प्रक्रियाबाट आरम्भ हुन्छ । यसपछि शोधका औपचारिकता सुरु हुन्छन् । प्रस्तावहरू एकै पटकमा अनुमोदन हुँदैनन् । शोध निर्देशकले पटकपटक अवधारणामा स्पष्ट हुन भनेर ‘कमेन्ट’ थोपरिदिएपछि शोधार्थी विषयगत रूपले परिपक्व हुन्छ । किनभने, प्रस्तावमा के गर्न खोजेको र त्यो कुरालाई कसरी सम्पन्न गर्ने भन्ने कुराहरू प्रस्ट राख्नुपर्ने हुन्छ । के गर्ने भन्नका लागि यस विषयमा के के काम भइसकेका छन् भन्ने थाहा हुनुपऱ्यो र यसको जानकारी खोज्नतिर लाग्नुपऱ्यो । कसरी गर्ने भन्नका लागि त्यस्तै मेहनत गर्नुपऱ्यो ।

---

[२५] त्रिविका केही विभाग र सङ्कायमा शोध लेखन अनिवार्य छैन । उदाहरणका लागि नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र, तथ्याङ्कशास्त्रलाई लिन सकिन्छ ।

[२६] प्रत्यूष वन्तले नेपालको सन्दर्भमा ‘समाज विज्ञानमा नयाँ पुस्ता’ शीर्षकमा २०६१ पुस र माघमा *कान्तिपुर* दैनिकमा आठओटा लेखको श्रृङ्खला लेखेर बृहत् चर्चा गरेका छन् । त्यसबाहेक वन्त (२०६२) मा समाज विज्ञानमा प्राज्ञिक गैर सरकारी संस्थाहरूले भोगेका अनुभव र गर्नसक्ने योगदानको पनि चर्चा गरिएको छ ।

सुरुमा सतही तवरमा शोध लेख्न हौसिएको विद्यार्थी शोध प्रस्ताव अनुमोदनको प्रक्रियाबाट गुज्रिसक्दा विषयको गहिराइमा डुबिसकेको हुन्छ ।

तर, शोधका यस्ता अप्ठ्यारा त्रिविका सायद कमै विद्यार्थीले मात्र भोगेका छन् । त्रिवि र पूर्वाञ्चल दुवै विश्वविद्यालयमा अनुसन्धानका विषयवस्तुमा त समस्या छ नै, शोधको अवधारणादेखि त्यसभित्रका प्राविधिक कुराहरूमा पनि छ । विद्यार्थीका तहबाट हेर्दा यो शोध निर्देशकको रुचिसँग जोडिन्छ भने अध्यापकका तहबाट हेर्दा फेरि यो विद्यार्थीसँगै जेलिन आइपुग्छ । वर्षौं लगाएर आफूले आर्जन गरेको प्राज्ञिक क्षमता लेखनमार्फत देखाउन मिल्ने अवसर यही हो । तर आफूभन्दा अघिकाले सम्पन्न गरेका शोधहरूबाट 'कट' र 'पेस्ट' गर्ने चलन पनि कायमै छ । शोधसँग शोध निर्देशक पनि गाँसिएको हुन्छ । तर निर्देशकको वेफुर्सदी र अरुचिले गर्दा उसले विद्यार्थीको कामलाई ध्यान दिएर हेर्न गाह्रो छ । यसपछि शोध प्रस्ताव एकैपटकमा अनुमोदन हुन्छ र विद्यार्थीले शोध सम्पन्न गरेर बुझाउँदा त्यसमा रुचि देखाएर दह्रो टिप्पणी गर्ने अभ्यास पनि कम हुन्छ । यो कुरा त्रिविका प्रायजसो धेरै विद्यार्थीले अनुभव गरेका छन् । यस्तै, शोध निर्देशकले कम अङ्क देला भनेर शोध सम्पन्न नहुञ्जेल उसको असहयोगको विरोध नगर्ने तर पछि केही गरेन भनेर दोष लगाउने प्रवृत्ति पनि छ । अर्कातर्फ, अध्यापन क्रममा कक्षामा राम्ररी फेस गर्न नसक्ने व्यक्ति समेत विद्यार्थीको शोध निर्देशक बनिरहेको हुन्छ ।[२७] अध्यापकका तहबाट हेर्दा यसका पनि केही कारणहरू छन् । खास गरी त्रिविमा विद्यार्थीको ठूलो चाप हुन्छ । हरेक विद्यार्थीलाई उत्तिकै ध्यान दिन नसकिने भएकाले विद्यार्थीको आफ्नो रुचिको पनि महत्त्वपूर्ण स्थान हुन्छ । शोध निर्देशकको चयन पनि आंशिक रूपमा विद्यार्थीमै निर्भर हुने भएकाले शोधार्थीको रुचिले ठूलै काम गरेको हुन्छ । सामान्यतया शोध निर्देशकले जुन ठाउँमा रातो मसीले लेख्यो त्यही मात्रै मिलाएर ल्याउने नै धेरै हुन्छन् । शोध निर्देशकको कुरा दुरुस्त बुझ्ने थोरै मात्र हुन्छन् ।[२८] शोधपत्रका विभिन्न पक्षको

---

[२७] पत्रकारिता तथा आमसञ्चारमा संलग्न कुन्दन अर्यालसँग २०६४ असार १६ मा गरिएको कुराकानीमा आधारित ।

[२८] पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर गरिसकेका श्रीराम पौडेल, त्रिवि ग्रामीण विकासमा अध्यापन गर्ने सुमन बास्कोटा र समाजशास्त्र/मानवशास्त्र विभागमा अध्यापन गर्ने मधुसुदन सुवेदीसँग गरिएको कुराकानीमा आधारित । पौडेलसँग २०६४ असार १४ मा कुराकानी गरिएको थियो । बास्कोटा र सुवेदीका विचार मार्टिन चौतारीमा २०६३ माघ ७ मा 'स्नातकोत्तर तहमा शोधपत्र लेखन' विषयक छलफलमा व्यक्त भएका हुन् । यसबाहेक बास्कोटासँग २०६३ भदौ १७ मा र सुवेदीसँग २०६३ फागुन २१ मा छुट्टाछुट्टै पनि कुराकानी गरिएको थियो ।

यति चर्चा गरिसकेपछि स्वाभाविक रूपमा प्रश्न उब्जिन्छ, किन यस्तो भएको होला ? यसको जिम्मेवार शोधार्थी मात्रै हो त ? यस्ता केही प्रश्नमाथि विचार गर्दा विभिन्न कारणहरू देखा पर्छन् ।

पहिलो, नेपालमा गहन लेखन अभ्यासबाट नगुज्रेरै पनि स्नातकोत्तर तहसम्म पुग्न सकिन्छ र अनुसन्धान पद्धतिबारे विद्यार्थी यही तहमा आएर प्रयोगात्मक रूपले परिचित हुन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको परीक्षा दिइसकेपछि विद्यार्थी शोधपत्र लेखनको प्रक्रियामा पुग्छ । स्नातक तहको तृतीय वर्ष र स्नातकोत्तर तहको प्रथम वर्षमा अनुसन्धान पद्धति (रिसर्च मेथोडोलोजी) लाई पाठ्यक्रममा समावेश गरिएको छ जसलाई अध्यापकले पनि पढाएकै हुन्छन् । तर ती कक्षामा अनुसन्धान पद्धतिको प्रयोगात्मक अभ्यास गर्नु पर्दैन । स्नातकोत्तर तह दोस्रो वर्षमा भने समाज विज्ञानअन्तर्गतका विषयहरूमा अनुसन्धान अनिवार्य छ । पहिलो वर्षमा उत्तीर्ण भइसकेको विद्यार्थी दोस्रो वर्षमा वार्षिक परीक्षा दिइसकेपछि प्रमाणपत्र सकेसम्म चाँडो हात पार्ने अभिप्रायले छोटो समयमै अनुसन्धान सिध्याउन हतारिन्छ । अनुसन्धान लामो प्रक्रिया हो र यसले समय लिन्छ । छोटो अवधिमै अनुसन्धान सम्पन्न गर्न खोज्ने हतारोले शोधार्थी यसका विभिन्न चरणलाई टापटिपे पाराले छल्दै र नाघ्दै अघि बढेको त हुन्छ नै, आफ्नो शोध विषयको अवधारणा र मर्मलाई आफैँले राम्ररी पहिल्याउन नसकिरहेको समेत देखिन्छ ।

दोस्रो, गर्नैपर्ने बाध्यताले शोधपत्र लेखन पूरा गरिसकेपछि आफैँलाई मन नपर्ने, यति थप्न पाएको भए हुन्थ्यो, राम्ररी अनुसन्धान गरेको भए अझ राम्रो गर्न सकिने रहेछ भनेर थकथक लाग्ने जस्ता कुरा विभिन्न व्यक्तिहरूबाट सुन्न पाइन्छ ।[२९] यसबाहेक शोध सम्पन्न नहुञ्जेलसम्म शोध निर्देशक ठीक भएन भन्न नसक्नेहरूले शोधकार्य पूरा भइसकेपछि 'मलाई मेरो शोध निर्देशकले केही सहयोग गरेन' भन्ने गरेको पनि प्रशस्त सुनिएको छ । त्रिभुवन विश्वविद्यालयका अन्य विभागको चाप हेरी पत्रकारिता तथा आमसञ्चार विभागमा कमै मात्र विद्यार्थी स्नातकोत्तर तहमा अध्ययन गरिरहेको पाइन्छ । तर थोरै विद्यार्थीका पनि गुनासा धेरै हुनुले व्यवस्थापकीय पक्षको कमजोरीलाई त झल्काउँछ नै, शोध निर्देशकहरूको उदासीनतालाई पनि रेखाङ्कित गर्छ । यो समस्या निजी क्षेत्रका विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा पनि उस्तै छ ।

---

[२९] रत्नराज्यलक्ष्मी क्याम्पसबाट पत्रकारितामै स्नातकोत्तर गरिसकेका श्रीराम पौडेल, श्रीराम केसी, प्रेमकुमार लुइँटेल, घमराज लुइँटेललगायत व्यक्तिहरूसँग विभिन्न मितिमा गरिएको कुराकानीमा आधारित ।

यसकै अर्को पाटो हो, नेपालको अध्ययन प्रणाली– जुन बजार नियन्त्रित छ । अर्थात् बजारमा उपलब्ध सामग्रीले विद्यार्थीको ज्ञानलाई सीमित पारिदिएको छ । पुस्तकालय चाहारेर र अभिलेख खोजेर गहन अध्ययन गर्नुको सट्टा बजारमा सजिलै पाइने गाइड, गेसपेपर र 'क्याप्सुल' मा निर्भर हुने चलनले विद्यार्थीको शैक्षिक भविष्य–जुन कुरा प्राप्ताङ्कसँग पनि जोडिन्छ–निर्धारण गरेको छ । अध्ययनको यो क्याप्सुल प्रणाली शोधपत्रसँग पनि जेलिन आइपुगेको छ। सार्वजनिक पुस्तकालयको सुविधा लगायत अन्य स्रोतका कारण नेपालका अन्य सहरभन्दा काठमाडौं सम्पन्न छ र खोजेका सन्दर्भ सामग्री सहज उपलब्ध हुन सक्छन् । त्यसैले शोधार्थी स्वयंको जाँगर र मेहनतले साँच्चिकै राम्रा, उपलब्धिमूलक शोधपत्र तयार हुन सक्छन् । तर शोध लेखनको कुरालाई त्यति महत्त्वका साथ हेरिएको पाइँदैन । 'जसोतसो गरी लेखेर सिध्याइदिऊँ न' भन्ने खालको धारणा र शोधले करिअर निर्माणको प्रक्रियामा खासै महत्त्व राख्दैन भन्ने मानसिकताले जरा गाडेको हुनाले यसो भएको हुन सक्छ ।

तेस्रो, नेपालमा मिडियालाई केन्द्रबिन्दु बनाएर गहन अध्ययन/अनुसन्धान गर्ने परम्परा नै लामो छैन या भनौं यो प्रारम्भिक चरणमा छ। त्यसबाहेक मिडिया अध्ययन र अध्यापन गर्ने जनशक्ति पनि थोरै छ र मिडियामै विशेषज्ञता हासिल गरेका व्यक्ति पनि कम छन् । भएका पनि औपचारिक अध्यापन/प्रशिक्षणको तहसम्म पुग्न सकेका छैनन् । साथै विद्यार्थीले आफ्नो रुचिको विषयमा शोध गर्न चाहँदा त्यसका लागि उपयुक्त शोध निर्देशक पनि सम्बन्धित विभागमा उपलब्ध हुँदैनन्। विद्यार्थीको रुचि र शोध निर्देशकबीच तालमेल नमिलेर पनि राम्रा शोधपत्रहरूको उत्पादन नभएको हुन सक्छ ।[३०]

चौथो, अनुसन्धान स्वभावतः लामो र खर्चिलो प्रक्रिया हो । अध्ययन/अनुसन्धानका क्रममा सन्दर्भ सामग्री सङ्कलनमा लाग्ने खर्च आम विद्यार्थीले धान्न मुश्किल हुन्छ । कतिपय अवस्थामा आर्थिक कारणले पनि राम्रा शोधपत्रहरू जन्मन सकेका छैनन् ।

---

[३०] शोधार्थीले आफ्नो रुचिको विषयमा शोध गर्न खोज्दा शोध निर्देशक नपाउने कुराको उदाहरण आफू भएको निर्मलमणि अधिकारी बताउँछन् । उनले 'हिन्दू अवधारणामा सञ्चार प्रक्रिया' विषयमा पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत केसीसीबाट शोध गरेका हुन् । २०६३ जेठ १० मा मार्टिन चौतारीले आयोजना गरेको 'नेपाली मिडियाका पुस्तक प्रकाशन, तिनको गुणस्तर र प्रवर्द्धनका उपाय' विषयक अन्तर्क्रियामा उनले यसो भनेका हुन् ।

## शोध लेखनमा गैरसरकारी सहयोग

माथि शोधपत्रको कमजोर गुणस्तरको कुरा गर्दा चौथोमा आर्थिक कारण पनि आयो । एकछिन यसैलाई नियालौँ । हिजोआज शोधपत्रको गुणस्तर अभिवृद्धिका लागि गैरसरकारी संस्थाहरू पनि सहयोगी बनेर उभिएका छन् । तिनले आफूले गरिरहेको कामको क्षेत्रसँग सम्बन्धित विषयमा शोध गर्ने विद्यार्थीलाई आर्थिक सहयोग गर्ने आशयका विज्ञापन र सूचनाहरू आ-आफ्ना सूचना पाटी, वेवसाइट र पत्रपत्रिकामार्फत दिने गरेका छन् । उदाहरणका लागि मार्टिन चौतारीले सन् २००६ देखि 'चौतारी मिडिया फेलोसिप' भन्ने नाम दिएर यस्तो अभ्यास सुरु गरेको छ । चौतारीले यसका लागि जुनसुकै विभाग वा सङ्कायमा पढ्ने विद्यार्थी भए पनि हुने तर शोधार्थीको शोध मिडियासँग सम्बन्धित हुनुपर्ने प्रावधान अघि सारेको छ । सन् २००६ र सन् २००७ मा गरी ९ जना (पहिलो वर्ष ५ जना र दोस्रो वर्ष ४ जना) लाई यस्तो अनुसन्धानवृत्ति प्रदान गरिसकिएको छ । यसको रकम प्रतिव्यक्ति रु. २५ हजार छ ।[३१]

भ्रष्टाचारविरुद्ध मिडिया अनुसन्धानमा सक्रिय संस्था रिमेक नेपालले पनि सुशासन तथा भ्रष्टाचारबारे अनुसन्धान गर्न चाहने स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि सन् २००६ देखि नै त्रिविअन्तर्गतका विभिन्न ५ विभागका ५ जना (प्रत्येक विभागबाट १ जना) लाई यस्तो फेलोसिप दिन सुरु गरेको छ । यसको रकम पनि रु. २५ हजार छ । फेलोसिपको चयन भने संस्थाको सहमतिमा विभाग आफैँले गर्दै आएका छन् ।[३२] यस्तै मानवअधिकारका विविध मुद्दाहरूबारे शोध गर्नेलाई इन्सेकले फेलोसिप दिने गरेको छ । न्यू एराले विकासका विभिन्न विषयमा शोध गर्न फेलोसिप दिन्छ । नेदरल्याण्ड डेभलप्मेन्ट अर्गनाइजेसन (एसएनभी नेपाल) ले सन् २००६ देखि सामाजिक समावेशीकरण अनुसन्धान कोष नै स्थापना गरेर दुई वर्षमा १५५ जनालाई (सन् २००६ मा ६० जना र सन् २००७ मा ९५ जना) फेलोसिप प्रदान गरिसकेको छ । यसको रकम रु. एक लाख छ । यस्तै, विनरक इन्टरनेशनलले पनि वातावरणका विभिन्न मुद्दामा अनुसन्धान गर्नेलाई सहयोग गर्दै आएको थियो । यो सहयोग हाल बन्द भइसकेको छ । यी त सतहमा देखा

---

[३१] मार्टिन चौतारीको अनुभवमा फेलोसिपमा आवेदन दिनेहरूको उत्साह सोचेजस्तो हुन सकिरहेको छैन । पहिलो वर्ष सन् २००६ मा आवेदन दिनेहरूको सङ्ख्या ३१ थियो तर त्यसपछिको वर्ष सन् २००७ मा यो सङ्ख्या घटेर १७ जनामा पुग्यो । चौतारीले यसरी आएका आवेदनलाई प्रक्रिया पुगे-नपुगेका आधारमा प्रारम्भिक छनोट गर्ने र छनोटमा परेकाहरूका लागि चौतारीबाहिरका व्यक्तिहरूको छुट्टै समिति बनाएर अन्तिम निर्णय गर्ने परम्परा बसालेको छ ।

[३२] रिमेक नेपालका कृष्ण भण्डारीसँग २०६४ साउन ७ मा गरिएको कुराकानी ।

परेका केही संस्थाहरू हुन् । यसबाहेक पनि अन्य थुप्रै संस्थाहरू हुनसक्छन् । यिनको खोजी विद्यार्थी/शोधार्थी स्वयंले गर्न सक्छन् । यस्ता सहयोगका पछाडि स्नातकोत्तर तहमा हुने अध्ययन/अनुसन्धानको गुणस्तरमा आर्थिक कारण कारक नहोस् भन्ने आशय झल्किन्छ । यसरी हेर्दा आफ्नो शोध साँच्चिकै राम्रो बनाउन/गर्न चाहनेका लागि सीमित भए पनि आर्थिक स्रोत चाहिँ उपलब्ध रहेकै देखिन्छ ।

## निष्कर्ष

नेपालमा मिडियाको विस्तारसँगै पत्रकारिता तथा आमसञ्चार विषय अध्ययन/अध्यापन हुने शैक्षिक संस्थाको सङ्ख्या पनि बढ्दै गएको छ । यसले स्वाभाविक रूपमा नेपाली मिडियाको परम्परागत शैली र अभ्यासमा केही न केही सकारात्मक प्रभाव पार्न सक्छ । पत्रकारिताको अभ्यासमा पहिलेदेखि नै संलग्नहरू पनि आफूसम्बद्ध विषयको ज्ञानलाई फराकिलो बनाउन औपचारिक अध्ययनमा जुटेको कुरालाई सकारात्मक रूपमा लिन सकिन्छ ।

औपचारिक पठनपाठनसँगै मिडियालाई केन्द्रमा राखेर अध्ययन-अनुसन्धान गर्ने अभ्यास मिडिया र मिडियाइतर क्षेत्रबाट पनि भइरहेको छ । यो क्रम व्यक्तिगत साथै संस्थागत दुवै रूपमा अघि बढिरहेको छ । यसरी हेर्दा मिडिया अनुसन्धानको नेपाली संरचना (पूर्वाधार) दुई किसिमले तयार हुँदैछ । पहिलो, मिडिया नै औपचारिक रूपमा पढेर, र दोस्रो, मिडियामाथि अनुसन्धान गरेर । मिडियालाई आफ्नो अध्ययनको विषय बनाउने क्रम निश्चय नै सुखद र आशलाग्दो कुरा हो ।

तर विश्वविद्यालयस्तरमा भएका शोध आम पाठक र अनुसन्धानकर्ताको सहज पहुँचमा छैनन् । शोधार्थी आफैँमा पनि आफूले गरेको शोध सकेसम्म धेरै जनाले पढून् र त्यसमाथि टीका टिप्पणी होस् भन्ने चाहना र त्यसलाई सघाउने वातावरण निर्माण गर्ने सक्रियताको अभाव छ । यसले भावी अनुसन्धानकर्ताको समय र अध्ययन विषयलाई नकारात्मक प्रभाव पारेको छ । एकपल्ट लेखिएपछि थन्किएर बसेका अध्ययन-अनुसन्धान प्रतिवेदनले सार्वजनिक रूपमा समीक्षा र टीका टिप्पणी हुने अवसर पाउँदैनन् । यसो हुन सके मात्र प्राज्ञिक अभ्यासमा पहिलोपटक होमिएको विद्यार्थीले आफ्ना कमीकमजोरी पनि बुझ्न र तिनलाई सच्याउन सक्छ । त्यसैले अनुसन्धान गर्नेले आफ्नो काम पूरा गरिसकेपछि त्यसलाई सार्वजनिकीकरण गर्ने अभ्यास गर्नु पनि जरूरी छ । यो काम स्नातकोत्तर तहमा हुने शोधपत्रबाट पनि थाल्न सकिन्छ । केही काम गैर सरकारी स्तरबाट भइरहेका छन् । यस्ता प्रयासहरूमा टेको लगाउन शोधार्थीको साथ हुनु पनि उत्तिकै आवश्यक छ ।

मिडिया अनुसन्धानको प्राज्ञिक पूर्वाधार निर्माणमा भइरहेका शोध आफैँमा मात्र निर्णायक छैनन् । पूर्वाधार निर्माणसँगै जोडिने कुरा हो– सामग्रीको गुणस्तर । शोधपत्रको गुणस्तरलाई पनि निरपेक्ष रूपले हेर्न गाह्रो छ। त्यसैले यसका नकारात्मक र सकारात्मक दुवै पक्षलाई उत्तिकै ध्यान दिएर हेर्नु आवश्यक छ । नकारात्मक पक्षतर्फ हेर्ने हो भने औपचारिक शिक्षाको औपचारिकता पूरा गर्न स्नातकोत्तर तहमा लेखिने शोधपत्रहरू गुणस्तरका हिसाबले खँदिला हुन सकेका छैनन् । शोधपत्र देखाएर सार्वजनिक करिअरको खुट्किलो चढ्ने प्रयास सुरु हुन सकिरहेको छैन । 'स्नातकोत्तर उत्तीर्ण गर्न शोधपत्र लेख्नुपर्छ तर त्यसका लागि धेरै मेहनत गरिरहनु पर्दैन' भन्ने धारणा धेरैको छ। जस्तैः गएका पाँच वर्षमा नेपाली मिडियामाथि शोधपत्र लेखनको गतिलाई नियाल्ने हो भने आजसम्मको कुल सङ्ख्याको दुई तिहाइ जस्तो अंश (१५० भन्दा बढी) यही पाँच वर्षमा लेखिएका छन् । तर यी अनुसन्धानको प्राज्ञिक गुणस्तरमा प्रश्न उठाउन सकिने स्थिति पनि प्रशस्त छ ।

तर शोध लेखनका नकारात्मक पक्ष मात्रै छैनन् । पत्रकारिताबाहेक अन्य सङ्काय र विभागबाट पनि नेपाली मिडियालाई अध्ययनको विषय बनाएर मिडियाका विभिन्न आयाम र सम्बन्ध खोज्ने काम शोधपत्रहरूबाट भइरहेको छ । जहाँसम्म शोधको गुणस्तरको कुरा छ, विश्वविद्यालयले लागू गरेको पाठ्यक्रममा शोधको प्रावधान विद्यार्थीहरूका लागि अनुसन्धानको अभ्यास गर्नका लागि पनि हो । अभ्यास गर्दाका अवस्थामा देखिने प्राज्ञिक कमजोरीलाई सामान्य रूपमै लिन सकिन्छ। अनुभव हासिल नगरिसकेकाहरूका लागि अभ्यासले नै विषयको गहिराइमा पुऱ्याउँछ । यस्तो अभ्यास अघि बढ्दै गएपछि शोध सम्पन्न भएको क्षेत्रमा एउटा गतिलो पुस्तकको मस्यौदा तयार गर्न सकिन्छ । त्यो अनुसन्धानकर्ताको बौद्धिक सम्पत्ति पनि हो । हुन त धेरै कम शोधपत्र मात्र पुस्तकका मस्यौदा बन्न सकेका छन् । तर, पुस्तकको मस्यौदालाई अलि टाढाको विषय मान्ने हो भने पनि गम्भीरता साथ गरिएको शोधको आधारमा एउटा प्राज्ञिक लेख त अवश्य नै तयार पार्न सकिन्छ । औपचारिकताका लागि मात्र शोधपत्र लेख्ने परम्परालाई भने तोड्नु आवश्यक छ ।[३३]

---

[३३] उत्पादनकै कुरा गर्ने हो भने त्रिवि केन्द्रीय पुस्तकालयले २०६३ साउनदेखि स्थानाभावले शोधपत्रका भौतिक पाण्डुलिपि (हार्ड कपी) लिन छाडिसकेको छ र अबदेखि सिडीमा मात्रै बुझाउनुपर्ने प्रावधान अगाडि सारेको छ । यसले उत्पादनको गतिलाई सङ्केत गर्छ । तर जब गुणस्तरको कुरा आउँछ, त्यो उत्पादनको गतिसँग मेल खाँदैन ।

संसारका विश्वविद्यालयले आफ्ना विद्यार्थीमाझ गर्ने लगानी, लामो समय लगाएर खडा गरेका अध्ययन संरचना तथा पूर्वाधार र त्यसपछिका प्रतिफलको अपेक्षालाई दृष्टिगत गर्दा छर्लङ्ग हुन्छ– त्रिभुवन विश्वविद्यालयलगायत हाम्रा उच्च शैक्षिक संस्थाले धेरै धेरै संरचना/पूर्वाधारहरू खडा गर्न बाँकी छ; मिडिया अनुसन्धानको संरचना/पूर्वाधार निर्माण त्यसको एउटा पाटो र अझ शोधपत्र लेखन त त्यसको पनि एउटा सानो अंश मात्र हो ।